माननीय उप प्रधान तथा संघीय मामिला तथा
स्थानीय विकास मन्त्रीस्तरबाट

मिति २०७१।३।२ मा स्वीकृत

# सामाजिक परिचालन कार्यविधि, २०७१


## नेपाल सरकार

### सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरवार, काठमाण्डौ

## विषय सूचि

# परिच्छेद : १

## प्रारम्भिक


| | |
|---|---|
| १.१ संक्षिप्त नाम र प्रारम्भ | १ |
| १.२ कार्यविधिको उद्देश्य | १ |
| १.३ परिभाषा | १ |


# परिच्छेद : २

## परिभाषा, उद्देश्य र रणनीति


| | |
|---|---|
| २.१ परिभाषा | ३ |
| २.२ सामाजिक परिचालनको उद्देश्य | ३ |
| २.३ सामाजिक परिचालन रणनीति | ३ |


# परिच्छेद : ३

## संस्थागत व्यवस्था


| | |
|---|---|
| ३.१ केन्द्रीय सामाजिक परिचालन समिति | ४ |
| ३.२ जिल्ला सामाजिक परिचालन समन्वय समिति | ५ |
| ३.३ नगर सामाजिक परिचालन समन्वय समिति | ६ |
| ३.४ गाउँ विकास समिति सामाजिक परिचालन समन्वय समिति | ७ |
| ३.५ राष्ट्रिय सेवा प्रदायक संस्था | ८ |
| ३.६ स्थानीय सेवा प्रदायक संस्था | ९ |
| ३.७ पृष्ठ पोषण सहितको वार्षिक प्रतिवेदन तयारी | १३ |


# परिच्छेद : ४

## जनशक्ति तथा कार्य जिम्मेवारी


| | |
|---|---|
| ४.१ सामाजिक परिचालन कार्यक्रम संयोजकको छनौट | १४ |
| ४.२ सामाजिक परिचालकको व्यवस्था | १५ |
| ४.३ सामाजिक परिचालकको योग्यता | १५ |
| ४.४ सामाजिक परिचालकको छनौट र व्यवस्थापन प्रकृया | १५ |
| ४.५ सामाजिक परिचालकको काम, कर्तव्य र जिम्मेवारी | १६ |
| ४.६ सामाजिक परिचालकको पारिश्रमिक तथा सुविधा र भुक्तानी प्रकृया | १६ |
| ४.७ सामाजिक परिचालकको करार सेवा अवधि | १६ |
| ४.८ सामाजिक परिचालन स्वयंसेवक/स्थानीय श्रोत व्यक्ति छनौट | १७ |

## परिच्छेद : ५

### वडा तथा बस्ती तहका नागरिक संयन्त्र

५.१ वडा नागरिक मञ्चको गठन १९

५.२ नागरिक सचेतना केन्द्र २२

५.३ नागरिक सचेतना केन्द्र परिपक्वताका आधारहरु २४

५.४ नागरिक सचेतना केन्द्र तथा सामुदायिक संस्थाको क्षमता अभिबृद्धि २४

५.५ नागरिक सचेतना केन्द्र सहयोग वर्हिगमन नीति २५

## परिच्छेद : ६

### जीविकोपार्जन सुधार कार्यक्रम

६.१ जीविकोपार्जन २६

६.२ जीविकोपार्जन सुधार कार्यक्रमका उद्देश्यहरु २६

६.३ जीविकोपार्जन सुधार कार्यक्रम अन्तरगत सञ्चालन गर्न सकिने कार्यक्रमहरु २६

६.४ योजना कार्यान्वयनको लागि नागरिक सचेतना केन्द्र छनौट २६

६.५ जीविकोपार्जन सुधार कार्यक्रम कार्यान्वयन प्रकृया २७

६.६ जीविकोपार्जन सुधार कार्यक्रम कार्यान्वयन र बजेट निकासा प्रकृया २७

६.७ जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन प्रकृया २८

६.८ जीविकोपार्जन सुधार कार्यक्रमको बजेट वाँडफाँडका आधारहरु २८

६.९ जीविकोपार्जन सुधार कार्यक्रम कार्यान्वयन गर्न सामाजिक परिचालकको भूमिका २८

६.१० स्थानीय सेवा प्रदायक संस्थाको जिम्मेवारी २८

६.११ जिल्ला तथा नगर सामाजिक परिचालन समन्वय समितिको जिम्मेवारी २९

६.१२ कार्यक्रम अनुगमन २९

६.१३ प्रगति प्रतिवेदन ब्यवस्था २९

६.१४ सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई २९

## परिच्छेद : ७

### सामाजिक परिचालन कार्यक्रमको समीक्षा र मूल्यांकन

७.१ सामाजिक परिचालन कार्यक्रमको समीक्षा ३०

७.२ स्थानीय सेवा प्रदायकको कार्य सम्पादन समीक्षा ३०

७.३ वडा नागरिक मञ्च र सामाजिक परिचालकको कार्यसम्पादन समीक्षा ३०

७.४ नागरिक सचेतना केन्द्रको कामको समीक्षा ३२

७.५. राष्ट्रिय सेवा प्रदायकको कार्य सम्पादन समीक्षा ३२

## परिच्छेद : ८

### विविध


| | |
|---|---|
| ८.१ कार्यविधिको कार्यान्वयन | ३३ |
| ८.२ जिल्ला विकास समितिको भूमिका | ३३ |
| ८.३ कार्यविधिमा थपघट र हेरफेर | ३३ |
| ८.४ निर्देशनको पालना | ३३ |
| ८.५ वाधा अडकाउ फुकाउने | ३३ |
| ८.६ कार्यविधिको प्रयोग | ३३ |
| ८.७ कार्यविधिको बचाउ | ३३ |


## अनुसूचि


| | | | |
|---|---|---|---|
| अनुसूचि १ | : | सामाजिक परिचालनका लागि सेवा प्रदायक संस्थाहरुको संख्यात्र | ३४ |
| अनुसूचि २ | : | जिल्ला विकास समिति र स्थानीय सेवा प्रदायक संस्था वीचको द्विपक्षीय सम्झौताको नमूना | ३८ |
| अनुसूचि ३ | : | नगरपालिका र स्थानीय सेवा प्रदायक संस्था वीचको द्विपक्षीय सम्झौताको नमूना | ४० |
| अनुसूचि ४ | : | नागरिक सचेतना केन्द्रमा छलफलका संभावित विषयवस्तुहरु | ४२ |
| अनुसूचि ५ | : | नागरिक सचेतना केन्द्र सञ्चालन र प्रभावकारिता लेखाजोखा अनुगमन | ४३ |
| अनुसूचि ६ | : | वडा नागरिक मञ्चको क्रियाशीलता र प्रभावकारिता लेखाजोखा अनुगमन | ४६ |
| अनुसूचि ७ | : | गाउँ विकास समितिको मासिक तथा चौमासिक प्रगति प्रतिवेदनको ढाँचा | ४८ |

*स्थानीय निकायमा सामाजिक परिचालनको माध्यमबाट विपन्न तथा विकासको मूल प्रवाहवाट पछाडी परेका नागरिकहरुलाई उनीहरुको काम, कर्तव्य, तथा हक, अधिकारका वारेमा चेतनशील गराई मुलुकको विद्यमान सम्पूर्ण आर्थिक सामाजिक संरचनालाई विकासको मूलधारमा ल्याउन र नागरिकको आवाज एवम् मागलाई सम्वोधन गर्दै सेवा प्रवाहलाई समावेशी, उत्तरदायी एवम् जवाफदेही बनाउन सरकारी, गैर सरकारी, निजी तथा समुदायमा आधारित निकायहरु समेतको सहकार्यमा स्थानीयस्तरबाट नै गरिबी न्यूनीकरण र दीगो विकासको अवधारणालाई संस्थागत गर्दै सम्मृद्ध नेपाल निर्माण गर्ने कार्यमा सहयोग पुऱ्याउन स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३६ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारबाट "सामाजिक परिचालन कार्यविधि, २०७१" जारी गरी लागू गरिएको छ ।*

## परिच्छेद १

# प्रारम्भिक

१.१. **सक्षिप्त नाम र प्रारम्भ :**

यस कार्यविधिको नाम 'सामाजिक परिचालन कार्यविधि, २०७१' रहेको छ । यो कार्यविधि २०७१ साल श्रावण १ गते देखि लागू हुनेछ ।

१.२. **कार्यविधिको उद्देश्य :**

यस कार्यविधिको उद्देश्य देहाय वमोजिम रहेको छ ।

(क) सामाजिक परिचालनको क्षेत्रमा साझा अवधारणा वनाउने,

(ख) स्थानीय विकासका क्षेत्रमा सामाजिक परिचालन कार्यको प्रयोगमा एकरुपता ल्याउने र

(ग) सामाजिक परिचालन कार्यको व्यवस्थापन गर्ने ।

**१.३.** परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "ऐन" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ सम्झनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ सम्झनु पर्दछ ।

(ग) "आर्थिक प्रशासन नियमावली" भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ सम्झनु पर्दछ ।

(घ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय सम्झनु पर्दछ ।

(ङ) "विषयगत मन्त्रालय" भन्नाले स्थानीय विकास मन्त्रालय वाहेकका नेपाल सरकारका विकास निर्माण एवं सेवा सुविधाको प्रवाहसँग सम्वन्धित अन्य विषयगत मन्त्रालयहरुलाई सम्झनु पर्दछ ।

(च) "कार्यविधि" भन्नाले स्थानीय निकाय (स्रोत परिचालन तथा व्यवस्थापन) कार्यविधि, २०६९ सम्झनु पर्दछ ।

(छ) “स्थानीय निकाय” भन्नाले जिल्ला विकास समिति, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँ विकास समितिहरु सम्झनु पर्छ ।

(ज) “वडा” भन्नाले गाउँ विकास समिति, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका अर्न्तगतका वडाहरु सम्झनु पर्दछ ।

(झ) “सेवा प्रदायक” भन्नाले नागरिकहरुलाई सेवा पुर्‍याउनका लागि गठन भएका सरकारी, गैर सरकारी, निजी संस्था तथा अन्य फर्महरु सम्झनु पर्दछ ।

(ञ) “स्थानीय सेवा प्रदायक” भन्नाले स्थानीय निकायसँग सम्झौता गरी सम्वन्धित गाउँ विकास समिति, नगरपालिका, उप महानगरपालिका तथा महानगरपालिका क्षेत्रमा सामाजिक परिचालनको कार्य गर्ने संस्थालाई सम्झनु पर्दछ ।

(ट) “विषयगत कार्यालय” भन्नाले नेपाल सरकारका विभिन्न विषयगत मन्त्रालय अन्तर्गत निश्चित कार्यक्षेत्र भएका जिल्लास्तरीय कार्यालय, डिभिजन कार्यालय, इलाकास्तरीय कार्यालय, सेवा केन्द्र, उपसेवा केन्द्र, स्वास्थ्य चौकी, उपस्वास्थ्यचौकी समेत सम्झनु पर्छ ।

(ठ) “अनुदान” भन्नाले नेपाल सरकार, विकास साझेदार तथा अन्य निकायबाट नगद वा वस्तुगत रुपमा जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिमा प्राप्त हुने निशर्त, सशर्त अनुदान तथा प्राविधिक सहयोगलाई समेत सम्झनु पर्दछ ।

(ड) “सामाजिक परीक्षण” भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०१ (१) र सामाजिक परीक्षण कार्यविधि, २०६७ मा उल्लेख भए अनुसारको सामाजिक जिम्मेवारीको लेखाजोखा सम्झनु पर्दछ ।

(ढ) “सार्वजनिक परीक्षण” भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०१ (२) र सार्वजनिक परीक्षण कार्यविधि, २०६७ बमोजिम स्थानीय निकायहरुले सञ्चालन तथा कार्यान्वयन गर्ने कार्यक्रम वा आयोजनाहरुको लेखाजोखा सम्झनु पर्दछ ।

(ण) “लैङ्गिक परीक्षण” भन्नाले महिला र पुरुष बीचको भूमिका, सम्वन्ध, स्थान, स्तर, अवसर आदिको लेखाजोखा र महिला पुरुष बीच समानता कायम गर्नका लागि तय गरिएको कार्यक्रम र बजेट समेतको विश्लेषण कार्य सम्झनु पर्दछ ।

(त) “उपभोक्ता समिति” भन्नाले आयोजनावाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको भेलाले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरु मध्येबाट प्रचलित कानून बमोजिम गठन गरेको समिति सम्झनु पर्दछ ।

(थ) “गैर सरकारी संस्था” भन्नाले प्रचलित कानून वमोजिम तोकिएको सरकारी कार्यालयमा दर्ता भई स्थानीय निकायहरुसँग समन्वय राखी कार्य गर्ने नाफारहित संघसंस्था सम्झनु पर्दछ ।

(द) “योजना” भन्नाले जिल्ला विकास समिति, नगरपालिका वा गाउँ विकास समिति क्षेत्रको समग्र विकासका लागि तयार गरिएको आवधिक, वार्षिक योजना वा विषयगत गुरु योजना वा यस्तै प्रकारका अन्य विकास योजना सम्झनु पर्दछ ।

(ध) “कार्यक्रम” भन्नाले कुनै योजना अर्न्तगतका विभिन्न कार्यक्षेत्र जस्तै कृषि, उद्योग, यातायात आदिको योजनावद्ध विकासका लागि निश्चित अवधि, भौगोलिक क्षेत्र तोकी तयार गरिएको विकास कार्यक्रमलाई सम्झनु पर्दछ ।

(न) “आयोजना/परियोजना” भन्नाले विकास कार्यक्रम अन्तर्गत कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी पूर्व निर्धारित उद्देश्य प्राप्तिका लागि गरिने समग्र क्रियाकलापलाई सम्झनु पर्दछ ।

(प) “विकास साझेदार” भन्नाले नेपाल सरकारसँग भएको सम्झौता बमोजिम नगद, वस्तुगत एवं प्राविधिक सहयोग उपलव्ध गराउने द्विपक्षीय, बहुपक्षीय दाता तथा संयुक्त राष्ट्रसङ्घीय निकायहरु एवं अन्तराष्ट्रिय गैर सरकारी संस्था समेत सम्झनु पर्दछ ।

(फ) “मूलप्रवाहीकरण” भन्नाले लक्षित समुहको समानता तथा अधिकार संरक्षण गर्न उनीहरुको समान र सक्रिय सहभागिता सम्झनु पर्दछ । साथै, स्थानीय निकायको उद्देश्य, क्रियाकलाप, संगठन र स्रोत विनियोजन (आर्थिक र मानवीय) मा लैङ्गिक समानता एवं सामाजिक र आर्थिक रुपले पिछडिएका वर्ग, समुदाय र क्षेत्रलाई समायोजन गर्ने कार्य समेत सम्झनु पर्दछ ।

(व) “लक्षित समूह” भन्नाले सवै जातजातिका विपन्न परिवार तथा आर्थिक र सामाजिक रुपमा पछाडि परेका वर्गहरु (महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, आदिबासी/जनजाति, अपाङ्गता भएका व्यक्तिहरु, मधेसी, मुश्लिम तथा पिछडावर्ग) एवं दुर्गम तथा पिछडिएको क्षेत्रका साथै नेपाल सरकारले सूचना प्रकाशन गरी लक्षित समूह भनी तोकेका वर्ग एवं समुदायलाई सम्झनु पर्दछ ।

(भ) “अपाङ्गता भएका व्यक्ति” भन्नाले मन्त्रालयद्वारा जारी गरिएको सामाजिक सुरक्षा निर्देशिकाले गरेको परिभाषा र वर्गिकरण बमोजिमको व्यक्ति सम्झनु पर्दछ ।

(ब) "बालबालिका" भन्नाले १८ वर्ष पुरा नभएका बालबालिका सम्झनु पर्दछ ।

# परिच्छेद २

# परिभाषा, उद्देश्य र रणनीति

## २.१.परिभाषाः

सामाजिक परिचालन भन्नाले आम नागरिकहरुलाई समूहमा संगठित गरी आर्थिक, सामाजिक तथा साँस्कृतिक सशक्तिकरणका माध्यमवाट उनीहरुको व्यक्तिगत, पारिवारिक तथा सामाजिक जीवनमा सकारात्मक परिवर्तन ल्याउने प्रक्रियालाई जनाउँछ । सामाजिक परिचालनले समूहका सदस्यहरु बीच आपसी सहयोग, सद्भाव, विश्वास, समन्वय र सहकार्य वृद्धि गरी सामाजिक पूँजी निर्माण गर्न सहयोग पुऱ्याउँछ ।

## २.२. सामाजिक परिचालनको उद्देश्य :

सामाजिक परिचालनका निर्दिष्ट उद्देश्यहरु देहाय अनुसार रहेका छन् ।

१. सामाजिक सशक्तिकरण र सामाजिक रुपान्तरणको माध्यमवाट आम नागरिकको जीविकोपार्जनमा सुधार ल्याउनु,
२. सार्वजनिक क्षेत्रवाट प्रदान गरिने सार्वजनिक सेवा र सुविधालाई प्रभावकारी वनाई यस्ता सेवाहरुमा नागरिकको पहुँच सहज गराउनु,
३. नागरिक र नागरिक संस्थाहरुलाई आफ्नो अधिकार प्रतिको सचेतता, कर्तव्य र जिम्मेवारी प्रति जागरुक गराउनु,
४. नागरिकहरु विशेष गरी विपन्न वर्गको विकासका लागि विद्यमान आर्थिक, सामाजिक, साँस्कृतिक तथा अन्य संरचनागत अवरोधहरु हटाई नागरिकहरुको जीवनस्तर माथि उठाउनु,
५. सामाजिक पुँजीको निर्माणवाट समुदायहरुलाई आफ्ना समस्याहरु समाधान गर्न सक्षम तुल्याउनु,
६. आपसी सद्भाव, मेलमिलाप र सहयोगवाट सामाजिक पुँजी निर्माण गरी सामाजिक सहिष्णुता वढाउनु र
७. स्थानीय लोकतन्त्रको संस्थागत विकासमा सहयोग पुऱ्याउनु ।

## २.३. सामाजिक परिचालन रणनीति :

सामाजिक, आर्थिक रुपमा पछि परेका नागरिक तथा समुदायहरुलाई स्थानीयस्तरका निर्णय प्रक्रियाहरुमा सक्रिय रुपमा सहभागी गराई सार्वजनिक स्रोत, साधन, सेवा र अवसरहरुमा समतामूलक पहुँच स्थापित गरी नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउन निम्न रणनीतिहरु अनुशरण गरिनेछ :

१. नागरिक सचेतना केन्द्र गठन गर्दा सहकारी तथा गरीवी निवारण मन्त्रालय मार्फत पहिचान भएका विपन्न परिवारहरुलाई संलग्न गराइने छ । नागरिक सचेतना केन्द्रलाई गाउँ विकास समितिका हरेक वडा तथा नगरपालिकाका विपन्न वस्तीहरुमा क्रमशः विस्तार गर्दै लगिनेछ । नागरिक सचेतना केन्द्रलाई सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँग समन्वय र आवद्धता गराउदै लगिने छ ।
२. वडा नागरिक मञ्चलाई नागरिक अनुगमन, गुणस्तर नियन्त्रण तथा सहजीकरण मञ्चको रुपमा विकास गरिनेछ ।
३. स्थानीयस्तरमा नेपाल सरकारका सबै विकास गतिविधिहरु सञ्चालन गर्दा वडा नागरिक मञ्च प्रवेश विन्दुको रुपमा रहने छन् ।

४. लक्षित वर्ग तर्फका कार्यक्रमहरु नागरिक सचेतना केन्द्रका सदस्यहरु समेतको जीविकोपार्जन सुधारमा केन्द्रीत गरिनेछ ।

५. नागरिक सचेतना केन्द्रले परिपक्वता हासिल गरे पश्चात यी केन्दहरुलाई सहकारीमा रुपान्तरण हुन प्रोत्साहित गरिनेछ ।

६. स्थानीय निकायसँग आवद्ध भई अन्य निकाय वा संस्थावाट गठन गरिएका नागरिक सचेतना केन्द्र वा अन्य यस्तै संस्थाहरुलाई सामाजिक परिचालनसम्बन्धी कार्यक्रमको मूलभूत मान्यतामा असर नपर्ने गरी नागरिक सचेतना केन्द्रको मान्यता दिई कार्यक्रम सञ्चालन गरिनेछ ।

# परिच्छेद ३

# संस्थागत व्यवस्था

## ३.१. केन्द्रीय सामाजिक परिचालन समिति :

सामाजिक परिचालनको कामलाई राष्ट्रव्यापी रुपमा कार्यान्वयन गर्न गराउनका लागि सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सह-सचिवको संयोजकत्वमा देहाय अनुसारको केन्द्रीय सामाजिक परिचालन समिति गठन गरिनेछ । समितिले सामाजिक परिचालनको कार्यमा संलग्न रहेका संस्थाहरुलाई सामाजिक परिचालनको विधि र प्रक्रियामा प्रष्टता ल्याउन, उनीहरुको क्षमता विकास गर्न, यी निकायहरु वीच समन्वयात्मक रुपमा सामाजिक परिचालन कार्यक्रम कार्यान्वयन गराउन स्थानीय निकायलाई निर्देशित गर्नुका साथै केन्द्रीयस्तर देखि नै नीतिगत समन्वय गर्नेछ ।

### क. केन्द्रीय सामाजिक परिचालन समितिको गठन :

केन्द्रीय सामाजिक परिचालन समितिको गठन देहाय बमोजिम हुनेछः

| | | |
|---|---|---|
| १. | सह सचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय (सामाजिक परिचालन कार्यक्रम हेर्ने महाशाखा प्रमुख) | अध्यक्ष |
| २. | कार्यक्रम प्रवन्धक, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | सदस्य |
| ३. | उप सचिव, राष्ट्रिय योजना आयोग | सदस्य |
| ४. | उप सचिव, अर्थ मन्त्रालय | सदस्य |
| ५. | उप सचिव, कृषि विकास मन्त्रालय | सदस्य |
| ६. | उप सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सदस्य |
| ७. | उप सचिव, शिक्षा मन्त्रालय | सदस्य |
| ८. | उप सचिव, शहरी विकास मन्त्रालय | सदस्य |
| ९. | उप सचिव, वन तथा भूसंरक्षण मन्त्रालय | सदस्य |
| १०. | उप सचिव, महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालय | सदस्य |
| ११. | उप सचिव, सहकारी तथा गरीवी निवारण मन्त्रालय | सदस्य |
| १२. | शाखा प्रमुख, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखा, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सदस्य |
| १३. | कार्यकारी निर्देशक, गरिवी निवारण कोष | सदस्य |
| १४. | प्रतिनिधि, गैर सरकारी संस्थाका महासंघहरु (महासंघहरु मध्येबाट प्रतिनिधित्व गर्ने बढिमा दुईजना) | सदस्य |
| १५. | मन्त्रालयले तोकेको शाखा प्रमुख | सदस्य-सचिव |

(आवश्यकता अनुसार विकास साझेदार तथा अन्य सरोकारवालाहरुलाई वैठकमा आमन्त्रण गर्न सकिनेछ ।)

### ख. काम, कर्तव्य र अधिकारः

केन्द्रीय सामाजिक परिचालन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

१. सामाजिक परिचालन सम्बन्धी विभिन्न नीति नियमहरु तर्जुमा गर्ने,

२. केन्द्रीयस्तरमा रहेका सामाजिक परिचालन गर्ने निकायहरु बीच कार्यगत समन्वय कायम गर्ने,

३. स्थानीय निकायहरुलाई सामाजिक परिचालन कार्यक्रम कार्यान्वय गर्न आवश्यक निर्देशन दिने,

४. स्थानीय निकाय र क्षेत्रीय समन्वय इकाईको समन्वयमा जिल्ला र नगर सामाजिक परिचालन समितिको क्षमता अभिवृद्धि गर्ने ।

**ग. केन्द्रीय सामाजिक परिचालन समितिको वैठक :**

केन्द्रीय सामाजिक परिचालन समितिको वैठक सामान्यतया वर्षको २ पटक वस्नेछ । आवश्यकता अनुसार समितिको वैठक जुनसुकै बेला पनि वस्न सक्नेछ । केन्द्रीय समितिको वैठकमा विषयगत विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

## ३.२ जिल्ला सामाजिक परिचालन समन्वय समिति :

जिल्ला भित्रका सम्पूर्ण गाउँ विकास समितिहरुमा समन्वयात्मक रुपमा सामाजिक परिचालन कार्यक्रम कार्यान्वयन गर्नका लागि जिल्ला सामाजिक परिचालन समन्वय समिति गठन गरिनेछ ।

### क. जिल्ला सामाजिक परिचालन समन्वय समिति :

जिल्ला सामाजिक परिचालन समन्वय समितिको गठन देहाय बमोजिम हुनेछः

१. जिल्ला विकास समितिको सामाजिक विकास समितिका संयोजक — संयोजक
(निर्वाचित जनप्रतिनिधि वहाल नभएसम्मका लागि स्थानीय विकास अधिकारी)

२. स्थानीय विकास अधिकारी — सदस्य

३. महिला तथा बालबालिका कार्यालय र कृषि विकास कार्यालयका प्रमुख — सदस्य

४. जिल्ला लैङ्गिक समानता तथा समाजिक समावेशीकरण समितिको प्रतिनिधि १ जना — सदस्य

५. जिल्ला भित्रका नगरपालिकाहरु मध्येवाट संयोजकले तोकेको कार्यकारी अधिकृत १ जना सदस्य

६. जिल्ला वातावरण मैत्री स्थानीय शासन समन्वय समितिका प्रतिनिधि १ जना — सदस्य

७. जिल्ला गैरसरकारी संस्था महासंघहरुका प्रतिनिधि मध्येबाट एक जना महिला सहित बढिमा २ जना — सदस्य

८. गाउँ विकास समिति राष्ट्रिय महासंघ जिल्ला समिति प्रतिनिधि १ जना — सदस्य

९. स्थानीय विकास कोषका कार्यकारी सचिव — सदस्य

१०. जिल्ला शासन विज्ञ (मन्त्रालयको अन्तर्गतबाट नियुक्त) — सदस्य

११. जिल्ला विकास समितिको सामाजिक विकास शाखा प्रमुख — सदस्य-सचिव
(सामाजिक विकास शाखा प्रमुख नभएको अवस्थामा स्थानीय विकास अधिकारीले तोकेको अधिकृतस्तरको कर्मचारीले सदस्य सचिवको काम गर्नेछ)

यस बैठकमा आवश्यकता अनुसार विकास साझेदारका प्रतिनिधिहरुलाई वैठकमा आमन्त्रण गर्न सकिने छ ।

**ख) जिल्ला सामाजिक परिचालन समन्वय समितिको काम, कर्तव्य र अधिकार :**

जिल्ला सामाजिक परिचालन समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

१. जिल्लामा सञ्चालित सामाजिक परिचालन सम्वन्धी विभिन्न निकायका कार्यक्रमहरुलाई संयोजन र समन्वय गर्ने,

२. सामाजिक परिचालन कार्यक्रमको कार्यान्वयन गर्ने तथा कार्यान्वयनमा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक सुझाव तथा निर्देशन दिने,

३. सामाजिक परिचालन कार्यान्वयन कार्यतालिका अनुसार काम भए/नभएको यकीन गर्ने र कार्यतालिका अनुसार काम नगरेको पाइएमा सम्बन्धित पक्षलाई कार्यक्रम संचालन गर्न निर्देशन दिने/सचेत गराउने,

४. विषयगत कार्यालय र अन्य सरकारी क्षेत्रबाट सञ्चालित सम्वन्धित कार्यक्रम वा आयोजनाको अनुगमन गर्ने,

५. जिल्लामा स्थानीय निकाय लगायत अन्य विभिन्न संस्थाहरुद्वारा सञ्चालित सामाजिक परिचालन कार्यको समग्र रुपमा अनुगमन गर्ने र सोको चौमासिक तथा बार्षिक प्रतिवेदन जिल्ला विकास समितिमा पेश गर्ने ।

जिल्ला सामाजिक परिचालन समन्वय समितिको वैठक कम्तीमा द्वैमासिक रुपमा वस्नेछ र आवश्यक परेको वेला जुनसुकै समयमा पनि वस्न सक्नेछ । समितिका पदाधिकारीहरुले जिल्ला विकास समितिका पदाधिकारीहरुले पाए सरह वैठक भत्ता पाउने छन् ।

*नोटः समितिले आफ्नो वैठकमा वैठकको विषय र प्रकृति हेरी सामाजिक परिचालनको काम गर्ने सम्वन्धित व्यक्ति वा संस्थाको प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ । यस्तो बैठकमा जिल्ला भित्र सामाजिक परिचालनको काम गर्ने विभिन्न निकायहरुले जिल्ला सामाजिक परिचालन समन्वय समितिलाई आ-आफ्ना कार्यक्षेत्र, कार्य प्रगति लगायत अन्य माग भएका विविध विषयहरुमा जानकारी गराउने, सल्लाह, सुझाव तथा पृष्ठपोषण लिने/दिने र समितिको निर्णयलाई पालना गर्न अग्रसर हुनु पर्नेछ ।*

**३.३. नगर सामाजिक परिचालन समन्वय समिति :**

नगरपालिकमा नगर भित्रका वडाहरुमा समन्वयात्मक रुपमा सामाजिक परिचालन कार्यक्रम कार्यान्वयन गर्नका लागि  नगर सामाजिक परिचालन समन्वय समिति गठन गरिनेछ ।

**क. नगर सामजिक परिचालन समन्वय समितिको गठनः**

**नगर सामाजिक परिचालन समन्वय समितिको गठन देहाय बमोजिम हुनेछः**

१. नगरपालिकाको सामाजिक विकास समितिका संयोजक — संयोजक
(निर्वाचित जनप्रतिनिधि वहाल नभएसम्मका लागि कार्यकारी अधिकृत)

२. नगरपालिका कार्यकारी अधिकृत — सदस्य

३. संयोजकले तोकेको विषयगत कार्यालयका अधिकृत स्तरका प्रतिनिधि - २ जना — सदस्य

४. नगर लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समितिबाट प्रतिनिधि- १ — सदस्य

५. नगर वालमैत्री स्थानीय शासन समितिवाट प्रतिनिधि -१ — सदस्य

६. नगरस्तरीय वातावरण मैत्री स्थानीय शासन समितिका प्रतिनिधि -१ — सदस्य

७. जिल्ला/नगरस्तरीय, गैरसरकारी संस्था महासंघहरु मध्येबाट एक जना महिला सहित बढिमा २ जना प्रतिनिधि — सदस्य

८. वडा नागरिक मञ्च मध्येबाट कम्तिमा एक महिला सहित प्रतिनिधि- २ जना — सदस्य

९. जेष्ठ नागरिकका प्रतिनिधि (एक जना महिला र एक पुरुष) २ जना — सदस्य

१०. नगर शासन विज्ञ (मन्त्रालयको कार्यक्रमबाट नियुक्त) — सदस्य

११. नगरपालिका सामाजिक विकास शाखा प्रमुख — सदस्य-सचिव

**ख. नगर सामाजिक परिचालन समन्वय समितिको काम, कर्तव्य र अधिकार :**

नगर सामाजिक परिचालन समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

१. नगर क्षेत्रमा सञ्चालित सामाजिक परिचालन सम्वन्धी विभिन्न निकायका कार्यक्रमहरुलाई संयोजन र समन्वय गर्ने,

२. सामाजिक परिचालन कार्यक्रमको कार्यान्वयन गर्ने तथा कार्यान्वयनमा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक सुझाव र निर्देशन दिने,

३. सामाजिक परिचालन कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको यकिन गर्ने र कार्यतालिका अनुसार काम नगरेको पाइएमा सम्बन्धित पक्षलाई कार्यक्रम सञ्चालन गर्न सुझाव दिने/सचेत गराउने,

४. विषयगत कार्यालय र अन्य सरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रम वा आयोजनाको समेत अनुगमन गर्ने र

५. नगर क्षेत्रमा स्थानीय निकाय लगायत अन्य विभिन्न संस्थाहरुद्वारा सञ्चालित सामाजिक परिचालन कार्यको समग्र रुपमा अनुगमन गर्ने र सोको चौमासिक र बार्षिक प्रतिवेदन जिल्ला विकास समितिमा पेश गर्ने ।

नोटः समितिले आफ्नो वैठकमा वैठकको विषय र प्रकृति हेरी सामाजिक परिचालनको काम गर्ने सम्वन्धित व्यक्ति वा संस्थाको प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ । यस्तो बैठकमा नपाभित्र सामाजिक परिचालनको काम गर्ने विभिन्न निकायहरुले नपा सामाजिक परिचालन समन्वय समितिलाई आ-आफ्ना कार्यक्षेत्र, कार्य प्रगति लगायत अन्य माग भएका विविध विषयहरुमा जानकारी गराउने, सल्लाह, सुझाव तथा पृष्ठपोषण लिने/दिने र समितिको निर्णयलाई पालना गर्न अग्रसर हुनु पर्नेछ ।

## ३.४ गाउँ विकास समिति सामाजिक परिचालन समन्वय समिति

गाउँ विकास समितिस्तरमा सामाजिक परिचालन कार्यक्रमको समन्वयात्मक रुपमा कार्यान्वयन, रेखदेख, सुपरीवेक्षण र अनुगमन गरी गाउँ विकास समितिलाई प्रतिवेदन पेश गर्न गाउँ सामाजिक परिचालन समन्वय समिति गठन गरिनेछ ।

**क. गाउँ सामाजिक परिचालन समन्वय समितिको गठन :**

**गाउँ सामाजिक परिचालन समन्वय समितिको गठन देहाय बमोजिम हुनेछः**

१. गाउँ विकास समितिको अध्यक्ष वा अध्यक्षको काम गर्न तोकिएको पदाधिकारी — संयोजक

२. गाउँ विकास समितिको सचिव — सदस्य

३. वडा नागरिक मञ्च मध्येबाट कम्तीमा एक महिला सहित दुईजना प्रतिनिधि सदस्य

४. नागरिक सचेतना केन्द्रबाट एकजना महिला प्रतिनिधि सदस्य

५. संयोजकले तोकेको विषयगत इलाका वा गाउँस्तरको कार्यालयको प्रमुख एकजना सदस्य

६. स्थानीय सामुदायिक संस्था वा आमा समूहवाट एक जना सदस्य

७. गाउँ कृषि, वन तथा वातावरण समितिका प्रतिनिधि सदस्य

८. जेष्ठ नागरिकका प्रतिनिधि (१ महिला र १ पुरुष) २ जना सदस्य

९. गाउँ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समितिवाट महिला प्रतिनिधि-१ सदस्य

१०. गाउँ वालमैत्री स्थानीय शासन समितिवाट प्रतिनिधि-१ सदस्य

११. सामाजिक परिचालक सदस्य सचिव

ख. गाउँ विकास समितिस्तरमा सामाजिक परिचालनको काम गर्ने अन्य निकाय वा संस्थाहरुले नेपाल सरकारवाट सञ्चालित यस कार्यक्रमसंग निकटतम सहकार्य र कार्यगत तालमेल गर्नु ती संस्थाहरुको कर्तव्य हुनेछ । यसरी सहकार्य तथा साझेदारीमा काम गर्ने संघ संस्थाका प्रतिनिधिहरुलाई गाउँ सामाजिक परिचालन समन्वय समितिको वैठकमा आमन्त्रित गरिने छ ।

**ग. गाउँ सामाजिक परिचालन समन्वय समितिको काम, कर्तव्य र अधिकार**

गाउँ सामाजिक परिचालन समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१. जिल्ला तथा नगर सामाजिक परिचालन समन्वय समितिको समन्वयमा गाउँ विकास समिति क्षेत्रमा गाउँ विकास समिति तथा अन्य निकायहरुद्वारा सञ्चालित सामाजिक परिचालन सम्वन्धी कार्यक्रमहरुको नियमित रुपमा अनुगमन गर्ने, सुझाव दिने तथा सामाजिक परिचालन सम्वन्धी स्थानीयस्तरका नीति नियमहरुको तर्जुमा गरी कार्यान्वयन गराउने,

२. गाउँ विकास समिति लगायत अन्य विभिन्न संस्थाहरुद्वारा सञ्चालित सामाजिक परिचालन कार्य वीच समन्वय गर्ने र सोको चौमासिक र बार्षिक प्रतिवेदन जिल्ला सामाजिक परिचालन समन्वय समिति मार्फत जिल्ला विकास समितिमा पठाउने,

३. सामाजिक परिचालन कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको यकीन गर्ने र कार्यतालिका अनुसार काम नगरेको पाइएमा सम्बन्धित पक्षलाई कार्यकम सञ्चालन गर्न सुझाव दिने/सचेत गराउने,

४. जीविकोपार्जन सुधार कार्यक्रमको नियमित रुपमा अनुगमन गरी सुझाव तथा पृष्ठपोषण दिने,

५. वडा नागरिक मञ्च र नागरिक सचेतना केन्दको अनुगमन तथा मूल्यांकन गर्ने,

६. वडा नागरिक मञ्च र नागरिक सचेतना केन्दवाट प्राथमिकीकरण भएका कार्यक्रमहरु एकिकृत योजना तर्जुमा समितिमा पेश गर्न सहयोग गर्ने र

७. गाउँ विकास समितिस्तरमा सामाजिक परिचालन सम्वन्धी अन्य क्रियाकलापहरु गर्न गाउँ विकास समिति, वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रलाई सहयोग पुर्‍याउने ।

**३.५. राष्ट्रिय सेवा प्रदायक संस्था :**

मन्त्रालयलाई सामाजिक परिचालनका क्षेत्रमा आवश्यक सल्लाह सुझाव दिन, नीतिगत निर्णयहरुमा सहयोग पुर्‍याउन, गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समिति तथा स्थानीय सेवा

प्रदायकहरुको क्षमता अभिवृद्धि गर्न, सामाजिक परिचालन सम्वन्धी तालिम दिग्दर्शन, हाते पुस्तिका आदि सामग्रीहरु तयार गर्न तथा सामाजिक परिचालन कार्यक्रमको समग्र व्यवस्थापनमा सहयोग गर्न राष्ट्रिय सेवा प्रदायकको रुपमा स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानलाई परिचालन गरिनेछ ।

**(क) राष्ट्रिय सेवा प्रदायकका कार्यहरु :**

१. सामाजिक परिचालन कार्यको वारेमा तोकिएका तालिम तथा प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्ने, गुणस्तर नियन्त्रण गर्ने र सो सम्वन्धी अध्ययन, अनुसन्धानका कार्यहरु सञ्चालन गर्ने,

२. सामाजिक परिचालन हाते पुस्तिका, सूचना, शिक्षा र सञ्चार सामग्री, स्रोत परिचालन निर्देशिका तथा स्रोत बाँडफाँडका आधारहरु, कृषि विकास, पशु सेवा, जन स्वास्थ्य, जोखिम व्यवस्थापन, वातावरणीय सरसफाई तथा जलवायू परिवर्तन, वालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, लैङ्गिक समानता तथा समावेशीकरण लगायतका विषयहरु समावेश भएको हाते पुस्तिकाहरु तयार गर्ने,

३. केन्द्रीय सामाजिक परिचालन समितिको वैठकमा सामाजिक परिचालन सम्वन्धमा भएका कामहरुको कार्य प्रगति पेश गरी पृष्ठपोषण लिने,

४. सामाजिक परिचालन र यससँग सम्वन्धित मान्यता प्राप्त तालिमका पाठ्यक्रम प्रयोग गरी तालिम सञ्चालन गर्ने,

५. सामाजिक परिचालकहरुको काम कर्तव्य अधिकार, तालिम सहजीकरण सीप, अन्तरव्यैयक्तिक सञ्चार सीप, सामुदायिक संस्था परिचालन, बाल अधिकार संरक्षण र सम्वर्द्धन, नागरिक अनुगमन, सञ्जाल गठन तथा परिचालन र तिनको काम कर्तब्य, वडा नागरिक मञ्चको काम र भूमिका विषयक तालिम पुस्तिका, तालिम सामाग्रीहरुको एकमुष्ठ खाका तयार गर्ने,

६. स्थानीय सेवा प्रदायक तथा सामाजिक परिचालकहरुलाई आवश्यकता अनुसारको क्षमता अभिवृद्धि तालिम, प्रशिक्षण, परामर्श सेवा, सामाजिक उत्तरदायित्व, सामाजिक परिचालन तथा अन्य समसामयिक विषयहरुमा तालिम तथा पुर्नताजगी तालिम प्रदान गर्ने,

७. स्थानीय सेवा प्रदायकहरुले सामाजिक परिचालकहरुलाई प्रदान गरेको तालिमको प्रभावकारिता र सामाजिक परिचालकहरुको कार्यसम्पादन अनुगमन गरी क्षमता विकासका क्षेत्रहरुको पहिचान गर्ने,

८. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमसँगको सम्झौतामा आधारित रहेर सामाजिक परिचालनसँग सम्वन्धित सम्पूर्ण तालिम कार्यक्रमको समन्वय र व्यवस्थापन गर्न तालिम व्यवस्थापक नियुक्त गर्ने,

९. सामाजिक परिचालनसँग सम्वन्धित तालिमका लागि विषयगत रुपमा दक्ष प्रशिक्षकहरुको पहिचान सूचि तयारी र परिचालन गर्ने,

१०. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले तयार गरेका प्रशिक्षकहरुको सूची प्राप्त गरी दक्षताका आधारमा सम्वन्धित तालिम तथा क्षमता विकास कार्यक्रमहरुमा परिचालन गर्ने,

११. स्थानीय सेवा प्रदायकहरुले सामाजिक परिचालकहरुलाई प्रदान गर्ने तालिमको अनुगमन गर्ने र पृष्ठपोषण दिने,

१२. स्वीकृत मापदण्ड भित्र रहेर सामाजिक परिचालनसँग सम्वन्धित क्षेत्रमा प्रशिक्षकहरु तयार गर्ने र कार्यक्रमसँग सम्बन्धित विविध प्रकृतिका तालिमहरु सञ्चालन गर्ने र

१३. सामाजिक परिचालनका क्षेत्रमा स्थानीय सेवा प्रदायकको भूमिकालाई सशक्त गराई सामाजिक परिचालन कार्यलाई प्रतिफलयुक्त वनाउने ।

### ३.६. स्थानीय सेवा प्रदायक संस्था :

जिल्ला भित्रका तोकिएका गाउँ विकास समिति तथा नगरपालिकाका वडाहरुमा सामाजिक परिचालन कार्यक्रम सञ्चालन गर्न सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ ले निर्धारण गरेको खरिद प्रकृया/विधि वमोजिम स्थानीय सेवा प्रदायक संस्थाहरु अनुसूचि १ मा उल्लेख भए अनुसारको संख्यामा खुला प्रतिस्पर्धाको माध्यमबाट छनोट गरिनेछ । यसरी छनोट भएका संस्थाहरुले जिल्ला विकास समिति तथा नगरपालिकाले तोकेका गाउँ विकास समिति तथा नगरपालिकाका वडाहरुमा तोकिए बमोजिमका कार्यक्रम सञ्चालन गर्नेछन् ।

**क. स्थानीय सेवा प्रदायक संस्थाका लागि न्यूनतम योग्यताः**

स्थानीय सेवाप्रदायकका लागि न्युनतम योग्यता देहाय अनुसार हुनेछ :

१. सम्वन्धित जिल्लामा दर्ता भएका गैरसरकारी संस्था, परामर्शदाता फर्म, प्रशिक्षण संस्था,

२. स्थानीय शासन तथा सामाजिक परिचालन सम्वन्धी कम्तीमा ३ वर्षको कार्य अनुभव भएको,

३. गत आर्थिक बर्षसम्मको अन्तिम लेखापरीक्षण सम्पन्न गरेको,

४. चालु आर्थिक वर्षको लागि सम्बन्धित सरकारी निकायबाट संस्था नवीकरण भएको,

५. गत तीन आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार औषत वार्षिक रु पांच लाख वा सो भन्दा वढी रकम बराबरको कारोवार गरेको,

६. सम्वन्धित जिल्ला भित्र आफ्नै भवन वा भाडामा कार्यालय सञ्चालन भएको, न्यूनतम संख्यामा कार्यालय फर्निचर, कम्प्युटर, टेलिफोन, इमेल, इन्टरनेट लगायत कर्मचारीहरुको व्यवस्था भएको,

७. विगतमा अन्य कुनै संघ संस्थाहरुसँग काम गर्दा कालो सूचिमा नपरेको र

८. मूल्य अभिवृद्धि करमा दर्ता भएको ।

**ख. स्थानीय सेवा प्रदायक संस्था छनौट प्रक्रियाः**

स्थानीय सेवा प्रदाय संस्था छनौट प्रक्रिया देहाय बमोजिम हुनेछः

१. स्थानीय सेवा प्रदायक संस्था छनौट सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ ले निर्धारण गरेको खरिद विधि र प्रकृया वमोजिम हुनेछ ।

२. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको कार्यक्रम समन्वय इकाइले सामाजिक परिचालन कार्यक्रम कार्यान्वयनका लागि उल्लेखित योग्यता पुगेका स्थानीय सेवा प्रदायक संस्थाहरुवाट प्रस्तावना पत्र आव्हान सम्बन्धी सूचना सार्वजनिक गर्नेछ । सामाजिक परिचालनको काम गर्न योग्यता पुगेका स्थानीय सेवा प्रदायक संस्थाले सम्वन्धित जिल्ला विकास समिति र नगरपालिकामा तोकिएको ढाँचामा प्रस्तावना पेश गर्नेछन् । तोकिएको समयावधि भित्र रितपूर्वक पर्न आएका आशय पत्र तथा प्रस्तावनाहरुको मूल्यांकन गर्न जिल्ला तथा नगरपालिकाले सामाजिक परिचालन समन्वय समितिका अध्यक्षको संयोजकत्वमा प्रस्तावना मूल्यांकन प्राविधिक समिति गठन गरी सेवाप्रदायक संस्थाहरुको मूल्यांकन गरी स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको क्षेत्रीय समन्वय इकाइमा पठाउनेछ । जिल्ला विकास समिति तथा नगरपालिकाले प्राविधिक प्रस्तावहरु मूल्यांकनका लागि आवश्यकता महशुस भएमा विषय विज्ञहरुवाट प्राविधिक सेवा लिन सक्नेछन् ।

३.	स्थानीय शासन तथा सामुदायिक कार्यक्रमको क्षेत्रीय समन्वय इकाइले यसरी जिल्ला तथा नगरपालिकाबाट प्राप्त भएका प्रस्तावहरुको मूल्यांकनको आधारहरु र गरिएको मूल्यांकनको प्रकृया स्पष्ट रहे नरहेको, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम भए नभएको मूल्यांकन गरी प्राप्त भएको ७ दिनभित्र आफ्नो सुझाव सहित सम्बन्धित जिल्ला विकास समिति वा नगरपालिकामा फिर्ता पठाउनेछ । यसरी प्राप्त परामर्शको आधारमा सम्बन्धित जिल्ला विकास समिति वा नगरपालिकाले ७ दिन भित्र निर्णय गरी संझौता सम्पन्न गर्नु पर्नेछ ।

**ग. स्थानीय सेवा प्रदायक संस्था छनोटका आधारहरु :**

(१) सम्वन्धित जिल्लाका स्थानीय निकायसँग काम गरेको अनुभव,

(२) सामाजिक परिचालन कार्यप्रतिको अनुभव र दक्षता,

(३) विपन्न तथा सीमान्तकृत समुदायसँग काम गरेको अनुभव,

(४) संस्थामा कार्यरत जनशक्ति, कार्यालय तथा उपकरणहरुको उपलब्धता,

(५) संस्थाको लेखापरीक्षण तथा आन्तरिक सुशासनको अवस्था तथा संस्था नवीकरण,

(६) संस्थाले सामाजिक परिचालन कार्यक्रमका लागि प्रस्ताव गरेका जनशक्तिको योग्यता, अनुभव र कार्यक्रम अवधिभरको लागि उपलब्धता ।

नोट : स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको कार्यक्रम समन्वय इकाइले सामाजिक परिचालन कार्यक्रम कार्यान्वयनका लागि स्थानीय सेवा प्रदायक संस्थाहरुवाट प्रस्तावना पत्र आव्हान सम्बन्धी सूचना सार्वजनिक गर्दा स्थानीय सेवा प्रदायकहरुको छनौटका अन्य आधारहरु सूचनामा प्रकाशित गरे बमोजिम हुनेछन् ।

**घ. स्थानीय सेवा प्रदायक संस्थाको संख्या :**

सामाजिक परिचालन कार्यक्रम सञ्चालनका लागि स्थानीय सेवा प्रदायक संस्था छनोट गर्दा हिमाली जिल्लाको हकमा सरदर सात गाउँ विकास समितिका लागि एक, पहाडी जिल्लाका लागि सरदर दश गाउँ विकास समितिका लागि एक र तराईका जिल्लाका लागि सरदर तेह्र गाउँ विकास समितिका लागि एक सेवा प्रदायक संस्था छनोट गरिनेछ । यसैगरी नगरपालिकाको हकमा सामाजिक परिचालन कार्यक्रम सञ्चालन गर्दा अनुसूचि १ मा उल्लेख भएको संख्यामा स्थानीय सेवा प्रदायक संस्था छनोट गर्न सक्नेछ ।

**ङ. स्थानीय सेवा प्रदायक संस्थाको काम, कर्तव्य र भूमिका :**

यस कार्यविधिको उद्देश्य, मर्म र प्रावधान अनुरुप सामाजिक परिचालन कार्यमा स्थानीय निकायलाई देहाय बमोजिम स्थानीय सेवा प्रदायकले आवश्यक सहयोग र सहजिकरण गर्नुपर्नेछः

१. कार्यक्रमले निर्धारित गरेको प्रकृया/विधि/मापदण्ड अनुसार जिल्ला विकास समिति, नगरपालिका तथा जिल्ला तथा नगरपालिका सामाजिक परिचालन समन्वय समितिसँगको समन्वयमा सामाजिक परिचालन संयोजक र सामाजिक परिचालकहरु छनोट गर्ने,

२. राष्ट्रिय सेवाप्रदायकसँगको समन्वयमा सामाजिक परिचालकहरुलाई तोकिए अनुसारको तालिमको सञ्चालन गर्ने,

३. कार्यक्रमको समग्र व्यवस्थापनका लागि पुर्णकालीन कार्यक्रम संयोजक छनोट गर्ने र कम्तीमा महिनाको दुई पटक स्थलगत रुपमा सामाजिक परिचालन कार्यक्रमको अनुगमन गर्ने व्यवस्था मिलाउने,

४. सामाजिक परिचालकहरुलाई कार्यक्रम सञ्चालन गर्न (गाउँ विकास समिति तथा नगर वडास्तरमा निर्वाचित प्रतिनिधि, राजनीतिक दल, नागरिक सामाज, समुदायमा आधारित संस्थाहरुलाई कार्यक्रमवारे अनुशिक्षण, सञ्चालन गर्ने, वडा नागरिक मञ्च गठन तथा पुर्नगठनमा सहजिकरण, नागरिक सचेतना केन्द्र सञ्चालन तथा विस्तार, जीविकोपार्जन सुधार कार्यक्रम कार्यान्वयन, अन्य सामाजिक परिचालन निकायहरुसँग कार्यगत सम्वन्ध र समन्वय विस्तार गर्ने तथा सामाजिक परिचालकहरुलाई निरन्तर रुपमा सहजीकरण तथा प्राविधिक सहयोग र पृष्ठपोषण दिने,

५. सामाजिक परिचालकहरुको नियमित वैठक राख्ने र एक अर्कावीच अनुभव, सिकाई तथा राम्रा कामहरुको आदान प्रदान गर्ने । कार्यक्रमसँग सम्वन्धित कुनै समस्या भएमा समाधानका उपायहरुवारे छलफल गरी समाधानका लागि तत्काल पहल गर्ने,

६. बाल वचाउ, बाल संरक्षण, बाल विकास, वाल सहभागिता र समग्रमा वाल अधिकार, वातावरण मैत्री दिगो विकास, विपद् व्यवस्थापन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, आय आर्जन, सामुदायिक मेलमिलाप, सामुदायिक विकास, सामाजिक सद्भाव अभिवृद्धि, जेष्ठ नागरिकको आदर र सम्मान, सामाजिक विकृति उन्मूलन, नागरिक अधिकार, कर्तव्य आदि वारे जानकारी दिने खालका सूचना, शिक्षा र सञ्चारका सामग्रीहरु संकलन गर्ने र सामाजिक परिचालकहरुका माध्यमवाट समुदायलाई सचेतीकरण गर्ने,

७. मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, जिल्ला तथा नगरपालिका सामाजिक परिचालन समन्वय समितिले दिएका सुझाव तथा पृष्ठपोषणहरु लागू गर्ने,

८. नागरिक सचेतना केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमनको व्यवस्था मिलाउने,

९. तोकिएको ढाँचा र मिति भित्र जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिमा आर्थिक तथा प्राविधिक प्रतिवेदन पेश गर्ने,

१०. जिल्ला विकास समिति तथा नगरपालिकावाट प्राप्त गर्नुपर्ने सामाजिक परिचालनसँग सम्वन्धित वजेट सामाजिक विकास शाखा मार्फत समयमै निकाशा माग गरी तोकिएका क्षेत्रहरुमा खर्च गर्ने र कार्यक्रम संयोजकको पारिश्रमिक वैंक मार्फत भुक्तानी दिने,

११. आर्थिक तथा सामाजिक रुपमा पछिपरेका वर्गहरुको पहिचान गर्न तथा सहभागितामूलक योजना तर्जुमा प्रकृयाका हरेक चरणहरुमा यी वर्गहरुको आवश्यकता र चाहनाहरुलाई समावेश गर्न एकीकृत योजना तर्जुमा समितिको कामलाई सहजीकरण गर्ने,

१२. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले समय-समयमा माग गरेका विवरणहरु उपलव्ध गराउने, सामाजिक परिचालनका गतिविधिहरुमा दोहोरोपन हटाउन, स्थानीय ज्ञान सीप र अनुभवहरुको आदान प्रदान गर्ने र सामाजिक परिचालनका सर्वोत्तम अभ्यासहरुको प्रचार प्रसार गर्ने । विद्यमान संगठन, संस्था, विषयगत कार्यालय, अन्तर्राष्ट्रिय, राष्ट्रिय गैरसरकारी संस्थाहरुसँग समन्वय र सम्बन्ध स्थापना गर्न, गाउँ, कृषि वन तथा वातावरण समिति सञ्जाल निमार्ण गर्ने,

१३. जिल्ला स्थित प्राकृतिक स्रोत, कृषि, पशु, स्वास्थ्य, खानेपानी, सिंचाई, विद्युत, शिक्षा र अन्य विविध गतिविधिहरुमा संलग्न सरकारी, गैरसरकारी निकायहरु तथा दातृ संस्थाहरुसँग जीविकोपार्जन सहयोग कार्यक्रम सञ्चालन गर्न समन्वय र सहकार्यको वातावरण स्थापित गर्ने,

१४. नागरिक सचेतना केन्द्रहरुको वैंक खाता सञ्चालन गर्न र नागरिक सचेतना केन्द्रहरुका लागि प्राप्त हुने अनुदान तथा कार्यक्रम वजेट वैंक तथा वित्तीय संस्थाहरु मार्फत कारोवार गर्न सहयोग गर्ने,

१५. जीविकोपार्जन कार्यक्रम सञ्चालन, व्यवस्थापन तथा कार्यक्रमको प्रभाव मूल्यांकन गर्न नागरिक सचेतना केन्द्रलाई निरन्तर रुपमा सहयोग गर्ने र

१६. कार्यक्रमसँग सम्वन्धित विषयमा स्थानीय निकाय, सामाजिक परिचालन समन्वय समिति, मन्त्रालय र स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तथा राष्ट्रिय सेवा प्रदायकवाट प्राप्त सुझाव, निर्देशन र पृष्ठपोषणहरुको पालना गर्ने गराउने ।

**च. स्थानीय सेवा प्रदायक संस्थाको लागि वजेट निकासाः**

१. जिल्ला विकास समिति/नगरपालिकाले मन्त्रालय तथा कार्यक्रमले निर्धारण गरे वमोजिमको कार्यक्रम खर्च, शिरोभार खर्च, कार्यक्रम संयोजक र स्वयंसेवकहरुको पारिश्रमिक सम्झौतामा उल्लेख भए अनुसारको रकम स्थानीय सेवा प्रदायक संस्थाको नाममा एकाउन्टपेयी चेक मार्फत भुक्तानी गर्नेछ ।

२. जिल्ला विकास समिति र नगरपालिकाले सम्झौता अनुसारको रकम कार्य प्रगति तथा खर्च विवरण प्रतिवेदनको आधारमा चौमासिक रुपमा स्थानीय सेवा प्रदायकलाई भुक्तानी दिनेछ र सोको जानकारी सम्वन्धित क्षेत्रीय समन्वय ईकाईलाई गराउनुपर्नेछ ।

**पुनश्च :** वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्रका सदस्यहरुले माग गरेका सामुदायिक विकास तथा आय आर्जन सम्वन्धी कार्यक्रम सञ्चालन गर्न बजेट माग भई आएमा स्थानीय सेवा प्रदायकले सोको विवरण जिल्ला विकास समिति तथा नगरपालिका लगायत सम्वन्धित निकायमा पेस गरी स्रोत व्यवस्थापन तथा परिचालन गर्न सहजीकरण गर्नेछ ।

**छ. स्थानीय सेवा प्रदायक संस्थाको कार्य सम्पादन मापनका आधारहरु :**

स्थानीय सेवा प्रदायक संस्थाले स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम दस्तावेजको नतिजा खाका बमोजिम निम्नानुसारका सूचकहरु न्युनतम ८०% (असी प्रतिशत) पुरा गर्नु पर्नेछ र प्रत्येक नगरपालिका र गाउँ विकास समितिले सवै सूचकहरुको प्रगति मापनको स्पष्ट अभिलेख राखेको हुनु पर्नेछ तथा प्रगति प्रतिवेदन सम्बन्धित निकायमा पठाउनु पर्नेछ :

१. गाउँ विकास समिति र नगरपालिकाका वडामा विपन्न वर्गको नक्शांकन तयार गरी अद्यावधिक गरेको तथा सो अध्यावधिक नक्सा सम्बन्धित स्थानीय निकायमा सो को विद्युतीय फाराम तयार भएको,

२. सामाजिक परिचालक तथा निजको सहयोगमा स्थानीय स्वयं सेवक/स्थानीय स्रोत व्यक्तिले नागरिक सचेतना केन्द्रमा लगातार रुपमा कम्तिमा ५२ वटा सेशन सञ्चालन गरेको गरी सोको स्पष्ट प्रमाणित अभिलेख खडा गरेको,

३. नागरिक सचेतना केन्द्र व्यवस्थापन समितिको वैठक नियमित रुपमा वस्ने गरेको र केन्द्रको व्यवस्थापकीय क्षमता विकासको लागि छलफलहरु भई निर्णय भएका विषयहरु कार्यान्वयन हुने गरेको,

४. सामाजिक परिचालन पुस्तिकामा व्यवस्था गरिएका सवै सहभागितामूलक विधिहरुको प्रयोग गरेको र त्यसवाट प्राप्त नतिजाहरु योजना तर्जुमा, अनुगमन तथा मूल्याकनका क्रममा प्रयोग हुने गरेको,

५. स्थानीय निकाय तथा अन्य सेवा प्रदायकहरुले सञ्चालन गरेको वैठक तथा कार्यक्रमहरुमा नागरिक सचेतना केन्द्रका सदस्यहरुले सहभागी भई कार्यक्रम वारे जानकारी प्राप्त गरेको,

६. रिफ्लेक्ट कक्षावाट पहिचान गरिएका कम्तिमा २ वटा सवाल तथा क्रियाकलापहरु कार्यान्वयन भएको,

७. समुदायको वास्तविक अवस्था र सोका आधारमा कम्तिमा एक योजना माग गरेको वा सञ्चालन गरेको,

८. नागरिक सचेतना केन्द्र सञ्चालन हुनुपूर्व र विद्यमान अवस्थालाई तुलना गर्दा हाल सामुदायहरुमा सामाजिक कुरीतिहरु- वाल विवाह, वहुविवाह, अनमेल विवाह, दहेज प्रथा, जातिगत भेदभाव, वोक्सीको आरोप, मादक पदार्थ (जाँड, रक्सी) सेवन, महिला विरुद्ध हिंसा, वाल वालिका विरुद्ध हिंसा, खुल्ला दिसा प्रथा आदिको संख्यामा तुलनात्मक रुपमा कमी आएको प्रमाण सहितको अभिलेख,

९. वडा नागरिक मञ्चको कामप्रति विपन्न वर्गका नागरिकहरुको समर्थन रहेको,

१०. गाउँ विकास समितिसँग वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्रको सम्वन्ध स्थापना भएको (गाउँ विकास समितिमा नागरिक सचेतना केन्द्र तथा वडा नागरिक मञ्चको अभिलेख समेत भएको) ।

११. गाउँ कृषि वन तथा वातावरण समिति तथा वातावरण मैत्री स्थानीय शासन समितिसँग समन्वय गरी कृषि तथा वातावरण विकासका कार्यक्रमहरु सञ्चालन गरेको,

१२. तोकिएको ढाँचामा समयमा नै प्रतिवेदन वुझाएको,

१३. गाउँ विकास समिति तथा नगरपालिकाको वडाले तय गरेका तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरु मध्ये कम्तीमा ७० प्रतिशत सञ्चालन भएको,

१४. सामाजिक परिचालकहरुसँग स्थलगत रुपमै कम्तीमा महिनाको एक पटक सामूहिक वैठक वसेको र गाउँ विकास समिति र नगरपालिकाका आधिकारिक पदाधिकारीहरुसँग समन्वय गरेको अभिलेख (वैठक पुस्तिका आदि),

१५. सामाजिक उत्तरदायित्व (सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई आदि) कार्यक्रमहरु सञ्चालन गर्न वडा नागरिक मञ्चलाई सहजीकरण गरेको । कार्यक्रमहरुमा वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रका सदस्यहरुको उल्लेखनीय सहभागिता रहेको,

१६. वस्ति र वडास्तरमा आम नागरिकहरुको भेला आयोजना गरी योजना तथा कार्यक्रम प्राथमिकीकरण गरिएको,

१७. गाउँ विकास समितिस्तरमा भए गरेका असल कामहरु, सफलताका कथाहरु स्थानीय निकायलाई उपलब्ध गराएको,

१८. गाउँ विकास समिति तथा नगरपालिकाका योजना तर्जुमा कार्यान्वयन र अनुगमनका चरणहरुमा वातावरण, बालमैत्री, लैङ्गिक समानताका पक्षहरु समावेश भएको र यसवाट बालबालिका, महिला तथा समग्र वातावरणमा पर्ने असरहरुवारे सरोकारवालाहरुसंग छलफल तथा विश्लेषण हुने गरेको,

१९. कार्यक्रमसँग सम्वन्धित विषयमा स्थानीय निकाय, सम्वन्धित सामाजिक परिचालन समिति, मन्त्रालय, क्षेत्रीय समन्वय इकाईले दिएका सुझाव तथा पृष्ठपोषणहरुको पालना गरेको,

२०. तोकिएको समयअवधि भित्र निकासा लिई तोकिएका क्षेत्रहरुमा पारदर्शी रुपमा खर्च गरेको,

*द्रष्टव्य : स्थानीय निकाय तथा सम्वन्धित सामाजिक परिचालन समितिले स्थानीय अवस्था र परिस्थितिका आधारमा अन्य सूचकहरु पनि समावेश गर्न सक्नेछ ।*

**ज. स्थानीय सेवा प्रदायक संस्थाहरुलाई पुरस्कृत गर्ने र सजग गराउने :**

१. माथि उल्लेखित कार्य सम्पादन सूचकहरुको आधारमा प्रत्येक वर्ष स्थानीय सेवाप्रदायक संस्थाको कार्य सम्पादन समीक्षा गरिनेछ ।

२. ८० प्रतिशत वा सो भन्दा माथिका सूचकहरु पुरा गर्ने स्थानीय सेवा प्रदायकलाई प्रोत्साहन स्वरुप कदर गरिनेछ भने कार्यसम्पादन मापन सूचकहरुका आधारमा ६५ देखि ७९ प्रतिशत काम सम्पन्न गर्ने सेवाप्रदायक संस्थाको कामलाई सन्तोषजनक मानिनेछ र सो भन्दा कम सूचकहरु पूरा गर्ने स्थानीय सेवा प्रदायक संस्थालाई सचेत गराई कार्यसम्पादनमा सुधार गर्न तीन महिनाको समय दिइनेछ । उक्त अवधि भित्र पनि सेवाप्रदायक संस्थाले ६५ प्रतिशतसम्म पनि सूचक पुरा गर्न नसकेमा जिल्ला विकास समिति तथा नगरपालिकाले सामाजिक परिचालन तथा समन्वय समितिको परामर्शमा समझौता रद्द गर्नेछ ।

३. कुनै स्थानीय सेवा प्रदायक संस्थाले ६५ प्रतिशत भन्दा कम प्रगति गरेमा सम्झौता स्वतः रद्द हुनेछ र सोको जानकारी सम्वन्धित स्थानीय सेवाप्रदायकलाई गराइनेछ ।

४. स्थानीय सेवाप्रदायक संस्थाको कार्य सम्पादन मापन गर्ने जिम्मेवारी सम्वन्धित जिल्ला तथा नगर सामाजिक परिचालन समन्वय समितिको हुनेछ । यसका लागि सम्वन्धित समितिले जिल्ला विकास समिति, नगरपालिका, क्षेत्रीय समन्वय इकाई तथा राष्ट्रिय सेवा प्रदायक संस्थाको समेत सहयोग लिन सक्नेछ ।

## ३.७. पृष्ठ पोषण सहितको वार्षिक प्रतिवेदन तयारी :

कार्यक्रम दस्तावेजमा उल्लेख भए अनुसारका नतिजाहरु पुरा भए नभएको पहिचान गर्ने र त्यसको लागि पृष्ठपोषण समेत प्रदान गर्न देहाय बमोजिम वार्षिक प्रतिवेदन संप्रेषण र प्रकाशन गरिनेछः

१. जिल्ला र नगरपालिकाबाट प्रगति विवरणहरु प्राप्त गर्न वार्षिक प्रगति प्रतिवेदनको तोकिएको ढाँचाको आधारमा केन्द्रीय तहमा एकीकृत रुपमा अद्यावधिक गर्ने कार्य सामाजिक परिचालन विज्ञले गर्नेछ ।

२. पृष्ठपोषण सहितको सामाजिक परिचालनको जिल्लागत वार्षिक प्रतिवेदन जिल्ला/नगर शासन विज्ञले तयार पारी आर्थिक वर्ष समाप्त भएको १५ दिन भित्र क्षेत्रीय समन्वय इकाईमा पेश गर्नेछन् र क्षेत्रीय समन्वय इकाईहरुले आर्थिक वर्ष समाप्त भएको २५ दिन भित्र आफ्नो क्षेत्रको एकीकृत प्रतिवेदन तयार गरी कार्यक्रम समन्वय इकाईमा पेश गर्नेछन् ।

३. क्षेत्रीय समन्वय इकाईबाट प्राप्त प्रतिवेदनका आधारमा सामाजिक परिचालन विज्ञले राष्ट्रिय वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको ३५ दिन भित्र केन्द्रीय सामाजिक परिचालन समिति समक्ष पेश गर्नुपर्नेछ ।

४. दिइएका पृष्ठपोषणहरु कार्यान्वयन भए नभएको नियमित रुपमा राष्ट्रिय सामाजिक परिचालन समितिले यकीन गर्ने/गराउने व्यवस्था मिलाइनेछ ।

# परिच्छेद ४

# जनशक्ति तथा कार्य जिम्मेवारी

## ४.१. सामाजिक परिचालन कार्यक्रम संयोजकको छनोटः

सामाजिक परिचालन कार्यक्रम कार्यान्वयन गर्न र सरोकारवाला निकायहरुसँग नियमित रुपमा समन्वय गर्न प्रत्येक सेवा प्रदायक संस्थाले जिल्ला/ नगर सामाजिक परिचालन समन्वय समितिसँगको निकटतम समन्वयमा देहायका शर्तहरुको अधीनमा रही सामाजिक परिचालन कार्यक्रम संयोजकको छनोट गर्नेछ :

**(क) सामाजिक परिचालन कार्यक्रम संयोजकका लागि न्युनतम योग्यताः**

सामाजिक परिचालन कार्यक्रम संयोजकका लागि न्युनतम योग्यता देहाय अनुसार हुनेछ ।

(१) मान्यता प्राप्त विश्वविद्यालयवाट कम्तिमा स्नातक वा सो सरहको योग्यता हासिल गरी सामाजिक परिचालन,

जीविकोपार्जन वा सामाजिक विकासमा कम्तीमा ३ वर्षको कार्य अनुभव भएको,

(२) स्थानीय निकाय लगायत अन्य सरकारी, गैर सरकारी संस्था तथा समुदायमा आधारित संस्थासँग कार्य गरेको अनुभव भएको,

(३) समन्वय, सहजीकरण, सञ्चार तथा कार्यक्रम व्यवस्थापन सम्वन्धी व्यवहारिक ज्ञान र सीप भएको,

(४) स्थानीय महिला तथा आर्थिक सामाजिक रुपले पछि परेका वर्गलाई सहजीकरण र सशक्तिकरण गर्न प्रतिवद्ध एवम् अग्रसर रहेको र

(५) प्रतिवेदन लेखन सीप, MS Word, Power Point / Excel, Email. Internet चलाउन सक्ने सीप भएको ।

(माथि उल्लेखित योग्यता र अनुभव भएको भन्ने प्रमाणित प्रमाणपत्रहरु पेश गर्नुपर्ने )

**(ख) सामाजिक परिचालन कार्यक्रम संयोजकको काम, कर्तव्य र जिम्मेवारी**

सामाजिक परिचालन कार्यक्रम संयोजकको काम, कर्तव्य र जिम्मेवारी निम्नानुसार हुनेछ :

(१) तोकिएका गाउँ विकास समिति तथा नगरपालिकाका वडाहरुका सम्वन्धित सरोकारवालाहरुलाई सामाजिक परिचालन सम्वन्धी अनुशिक्षण कार्यक्रमहरु सञ्चालन गर्ने,

(२) वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्रहरुको नियमित रुपमा अनुगमन गरी सोको प्रतिवेदन सम्वन्धित जिल्ला विकास समिति र नगरपालिकालाई उपलव्ध गराउने,

(३) सामाजिक परिचालकहरुको कामको नियमित रुपमा अनुगमन गरी पृष्ठपोषण दिने,

(४) सामाजिक परिचालनसँग सम्वन्धित विभिन्न तालिम कार्यक्रमहरु सञ्चालन गर्न राष्ट्रिय तथा स्थानीय सेवा प्रदायक संस्थालाई सहयोग पुऱ्याउने,

(५) आफ्नो कार्यक्षेत्रमा सामाजिक परिचालन गर्ने निकायहरु वीच कार्यगत सम्वन्ध तथा समन्वय कायम गर्ने,

(६) नागरिक सचेतना केन्द्रका विपन्न परिवारहरुलाई जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्ने,

(७) तोकिएको ढाँचामा, गाउँ विकास समिति र नगरपालिका वडाहरुवाट प्रतिवेदन सङ्कलन तथा विश्लेषण गरी जिल्ला विकास समिति तथा नगरपालिकामा पेश गर्ने,

(८) जिल्ला/नगरपालिका सामाजिक परिचालन समितिको वैठकमा उपस्थित भई कार्यक्रमको प्रगति प्रस्तुत गर्ने,

(९) गाउँ विकास समिति र नगरपालिका वडाहरुलाई सहभागीहरुलाई सहभागीतामूलक योजना तर्जुमा गर्न सहयोग पुऱ्याउने र

(१०) स्थानीय सेवा प्रदायक संस्था, जिल्ला/नगर सामाजिक परिचालन समन्वय समिति, जिल्ला विकास समिति, नगरपालिका, मन्त्रालय तथा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले दिएका निर्देशनहरुको पालना गरी सो अनुरुपका तोकिए बमोजिमका अन्य कार्यहरु सम्पादन गर्ने ।

**(ग) सामाजिक परिचालन कार्यक्रम संयोजकको पारिश्रमिक र भुक्तानी प्रकृया :**

सामाजिक परिचालन कार्यक्रम संयोजकको तलव र सुविधा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले तोके वमोजिम हुनेछ । स्थानीय सेवा प्रदायक संस्थाले सामाजिक परिचालन कार्यक्रम संयोजकका लागि मन्त्रालयले तोकेको पारिश्रमिकको भुक्तानी अनिवार्य रुपमा सम्वन्धित ब्यक्तिको वैंक खाता मार्फत गर्नेछ ।

**(घ) करार अवधि :**

निजको करार अवधि १ (एक) वर्षको हुनेछ र कार्यसम्पादन मापनको आधारमा सामाजिक परिचालन कार्यक्रम अनुरुप करार सेवा थप हुन सक्नेछ ।

**४.२. सामाजिक परिचालकको व्यवस्था :**

सामाजिक परिचालन कार्यक्रम कार्यान्वयन गर्नका लागि निम्नानुसार सामाजिक परिचालकहरुको व्यवस्था गरिनेछ :

(क) सामाजिक परिचालन कार्यक्रम कार्यान्वयन गर्नका लागि स्थानीय सेवा प्रदायक संस्थाहरूको करार अन्तर्गत प्रत्येक गाउँ विकास समितिमा एक जना सामाजिक परिचालक र नगरपालिकाको हकमा सामाजिक परिचालन कार्यक्रम लागू हुने वडामा मन्त्रालयबाट तोकिएको मापदण्डका आधारमा सामाजिक परिचालकहरुको व्यवस्था गरिनेछ ।

(ख) नेपाल सरकारको निर्णय अनुसार कुनै गाउँ विकास समितिहरु नगरपालिका घोषणा भएमा त्यसरी नगरपालिका घोषणा भएका गाउँ विकास समितिहरुमा कार्यरत सामाजिक परिचालकह्रुलाई कार्य सम्पादन सन्तोषजनक भएको हदसम्म सोही नगरपालिकाका सामाजिक परिचालन कार्यक्रम लागू भएका वडाहरुमा परिचालन गरिनेछ । यसरी नयाँ गठन हुने नगरपालिकाका वडाहरुको संयुक्त वडा हेर्ने गरी सामाजिक परिचालकको व्यवस्था हुनेछ ।

**४.३. सामाजिक परिचालकको योग्यता :**

सामाजिक परिचालकको योग्यता देहाय बमोजिम हुनेछः

क. सामाजिक परिचालकको न्युनतम योग्यता मान्यता प्राप्त शैक्षिक संस्थावाट कम्तीमा कक्षा १२ वा सो सरह उतीर्ण वा प्रवेशिका परीक्षा उतीर्ण गरी सिटिईभिटीवाट सम्वन्धन प्राप्त संस्थाहरुवाट सामाजिक परिचालन सम्वन्धी १२ महिने तालिम उत्तीर्ण गरेका विवाहित महिला वा एकल महिला वा अन्य महिला हुनु पर्नेछ । यसमध्ये आर्थिक, सामाजिक र साँस्कृतिक रुपमा पछि परेका विवाहित महिला उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।

ख. २१ वर्ष उमेर पूरा भएको,

ग. उम्मेदवार सम्वन्धित गाउँ विकास समितिको र स्थानीय रुपमै वसोवास गरेको हुनु पर्नेछ । नगरपालिकाको हकमा सम्वन्धित वडामा स्थायी वसोवास भएको हुनुपर्नेछ । तर यो कार्यविधि लागू हुनु पूर्व नै यसै कार्यक्रममा सामाजिक परिचालकका रुपमा काम गर्दै आएका व्यक्तिको हकमा यो व्यवस्थाले वाधा पुऱ्याएको मानिने छैन,

घ. सामाजिक परिचालन तथा सामुदायिक विकासका क्षेत्रमा कम्तीमा २ वर्षको अनुभव भएको र

ङ. प्रचलित कानूनले नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको महिला हुनुपर्नेछ ।

## ४.४. सामाजिक परिचालकको छनोट तथा व्यवस्थापन प्रकृया :

सामाजिक परिचालकको छनौट तथा व्यवस्थापन प्रक्रिया देहाय बमोजिम हुनेछः

(१) हाल कार्यरत सामाजिक परिचालकलाई गाउँ विकास समितिको सचिव, वडा नागरिक मञ्चका संयोजकहरु, नागरिक सचेतना केन्द्रका संयोजकले संयुक्त रुपमा गरेको सिफारिशका आधारमा सम्वन्धित जिल्ला विकास समितिको सामाजिक विकास शाखा प्रमुख, जिल्ला शासन विज्ञले र नगरपालिकाको हकमा वडा सचिव, वडा नागरिक मञ्चका संयोजक, नागरिक सचेतना केन्द्रका संयोजकको सिफारिशका आधारमा नगरपालिकाको सामाजिक विकास शाखा प्रमुख र नगर शासन विज्ञले गरेको सिफारिश अनुसार तत्तत् गाविस/नपाको वडामा सामाजिक परिचालनको काम गर्ने जिम्मेवारी पाएको स्थानीय सेवा प्रदायकलाई हस्तान्तरण गरिनेछ । यसरी प्राप्त सिफारिशको आधारमा स्थानीय सेवाप्रदायकले नियुक्ति दिनुपर्नेछ । स्थानीय सेवा प्रदायक छनौट नहुन्जेल सम्मको लागि यस आधारमा गरिएको सिफारिशमा क्षेत्रीय समन्वय इकाइले सामाजिक परिचालकको करार नवीकरण वा नियुक्ति गर्नेछ ।

(२) स्थानीय सेवा प्रदायकले हाल सामाजिक परिचालक रिक्त रहेका गाउँ विकास समिति तथा नगरपालिकाका वडाहरुका हकमा जिल्ला तथा नगर सामाजिक परिचालन समन्वय समितिको स्वीकृति लिई गाउँ विकास समितिको हकमा गाउँ विकास समितिको रोहवरमा र नगरपालिकाको हकमा सम्वन्धित वडाको रोहवरमा पन्ध्र दिनको म्याद सहित सार्वजनिक सूचना जारी गरी दरखास्त आव्हान गर्ने र सो को जानकारी जिल्ला विकास समिति तथा नगरपालिकालाई दिनु पर्नेछ ।

(३) जिल्ला वा नगर सामाजिक परिचालन समन्वय समितिले सम्वन्धित स्थानीय सेवा प्रदायक संस्थाका प्रमुख वा निजले तोकेको पदाधिकारी, गाउँ विकास समितिको सचिव वा नगरपालिकको सम्बन्धित वडा सचिव, सम्वन्धित गाउँ विकास समिति भित्रका वडा नागरिक मञ्चका संयोजकहरु मध्ये एक जना गरी ३ सदस्यीय सामाजिक परिचालक छनौंट समिति गठन गर्नेछ । समितिले लिखित परीक्षा र अन्तरवार्ताको माध्यमद्वारा रिक्त गाउँ विकास समिति तथा नपाको वडामा सामाजिक परिचालकको छनौंट गर्नेछ । यस प्रकृयाका लागि जिल्ला शासन विज्ञ वा नगर शासन विज्ञले सम्वन्धित समितिलाई प्राविधिक सहयोग प्रदान गर्नेछ । छनौंट भएका उम्मेदवारलाई सम्वन्धित स्थानीय सेवाप्रदायकले नियुक्ति दिनेछ र सोको जानाकारी सम्वन्धित जिल्ला विकास समिति, सामाजिक परिचालन समिति, गाउँ विकास समिति वा नगरपालिकाका सम्वन्धित वडा र सम्वन्धित क्षेत्रीय समन्वय इकाईलाई तीनदिन भित्र गराउनु पर्नेछ ।

## ४.५.सामाजिक परिचालकको काम, कर्तव्य र जिम्मेवारी :

१. वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रको गठन, सञ्चालन र सहजीकरण गर्ने,

२. सामुदायिक सहजीकरण गर्ने,

३. बाल क्लव गठन परिचालन र तिनीहरुको क्षमता विकासका कामहरु गर्ने,

३. नागरिक अनुगमन र सामाजिक उत्तरदायित्व सम्वन्धि कार्यहरुमा वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रलाई सहयोग गर्ने,

५. अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग निकटतम समन्वय र सम्वन्ध विस्तार गर्ने,

६. सामाजिक विकाससँग सम्वन्धित क्षेत्रमा गाउँ विकास समिति तथा वडा कार्यालयको काममा सहयोग गर्ने,

७. गाउँ विकास समिति तथा नगर वडाको वस्तुस्थिति विवरण तयार गर्न सहयोग गर्ने,

८. स्थानीय आवश्यकता तथा प्राथमिकताको पहिचान तथा योजना तर्जुमाका लागि सरोकारवालाहरुलाई आवश्यक सूचना तथा विवरणहरु उपलव्ध गराउने,

९. स्थानीयस्तरमा योजना तर्जुमा गर्न, वालवालिकाको आवाज सुनिश्चित गर्न वाल भेला सञ्चालन गर्ने र वालवालिकाको आवश्यकताहरुलाई वडा नागरिक मञ्चमा छलफल गराई एकीकृत योजना तर्जुमा समितिमा पेश गर्ने,

१०. लैङ्गिक उत्तरदायी योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्न सहयोग गर्ने,

११. विपन्न समूहका घरधुरी नक्साङ्कन तथा अद्यावधिक गर्ने,

१२. नागरिक अनुगमनका लागि वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रको क्षमता अभिवृद्धि गर्ने,

१३. स्थानीय सेवाप्रदायकलाई तोकिएको ढाँचामा प्रतिवेदन पेश गर्ने,

१४. वातावरण मैत्री स्थानीय शासनका सूचकहरु कार्यान्वयन गर्न सहयोग गर्ने र

१५. करार सम्झौतामा उल्लेख भई तोकिए बमोजिमका अन्य कामहरु गर्ने ।

१६. नगरपालिकाको प्रमुख वा गाउँ विकास समितिको प्रमुखले तोकेको सामाजिक परिचालनसम्बन्धी अन्य कार्यहरु ।

### ४.६. सामाजिक परिचालकको पारिश्रमिक तथा सुविधा र भुक्तानी प्रकृया :

सामाजिक परिचालकको तलव र सुविधा मन्त्रालयले तोके वमोजिम हुनेछ । जिल्ला विकास समिति/नगरपालिकाले सामाजिक परिचालकलाई मन्त्रालयले तोकेको पारिश्रमिकको भुक्तानी अनिवार्य रुपमा सामाजिक परिचालकहरुको वैंक खाता मार्फत गरिनेछ ।

### ४.७. सामाजिक परिचालकको करार सेवा अवधि :

कार्यसम्पादन सन्तोषजनक देखिएमा सामाजिक परिचालकलाई सम्झौता अवधि तोकिएको अवधिका लागि थप गर्न सकिनेछ । कुनै कारण खुलाई वा नखुलाई स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले जिल्ला विकास समिति/नगरपालिका मार्फत एक महिनाको पूर्व सूचना दिएर गाविस तथा नपाको वडामा करार सम्झौतामा कार्यरत सामाजिक परिचालकहरुको करार सेवा कुनै पनि समयमा कुनै पनि वा सबै सामाजिक परिचालकसँगको यस्तो करार सेवा सम्झौताको अन्त्य गर्न सक्नेछ ।

### ४.८. सामाजिक परिचालन स्वयंसेवक/स्थानीय स्रोत व्यक्तिको छनोट :

गाउँ विकास समितिस्तरमा नागरिक सचेतना केन्द्र विस्तार भएपछि आवश्यकताका आधारमा हरेक नागरिक सचेतना केन्द्रलाई नियमित रुपमा सहयोग र सहजीकरण गर्न सामाजिक परिचालन स्वंयसेवक/स्थानीय स्रोत व्यक्तिको व्यवस्था गरिनेछ ।

**(क) स्वयंसेवक तथा स्थानीय स्रोत व्यक्तिको न्युनतम योग्यता देहाय अनुसार हुनेछ ।**

१. उमेर २१ वर्ष पुगेको,

२. नागरिक सचेतना केन्द्र रहेको गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडामा वसोवास भएको,

३. कम्तीमा आठ कक्षा पास गरेका विवाहित महिला वा एकल महिला वा अन्य महिला,

४. छनोट गर्दा अनुभवी र सामाजिक आर्थिक रुपले पछाडि परेका समुदायहरुका महिला उम्मेदवारहरुलाई प्राथमिकता दिईनेछ र

५. सामाजिक सेवाभाव भएको ।

**(ख) छनौट प्रकृया :**

(१) सामाजिक परिचालन स्वयंसेवक/स्थानीय स्रोत व्यक्तिको नियुक्तिका लागि नागरिक सचेतना केन्द्रको व्यवस्तापन समिति, सम्वन्धित वडाका वडा नागरिक मञ्चका संयोजक, गाउँ विकास समिति सचिव तथा स्थानीय सेवा प्रदायक समेत रहेको संयुक्त बैठकले सामाजिक आर्थिक रुपले पछाडी परेका समुदायवाट एकजना मूख्य महिला उम्मेदवार र १ जना महिला बैकल्पिक उम्मेदवार छनोट गरी स्थानीय सेवा प्रदायकलाई सिफारिश गर्नेछ ।

(२) स्थानीय सेवाप्रदायक संस्थाले सिफारिश प्राप्त भएको मितिले ७ दिन भित्र मूख्य महिला उम्मेदवारलाई नियुक्ति गर्नेछ ।

(३) मुख्य महिला उम्मेदवारले १५ दिन भित्र नियुक्ति नलिएमा वा कुनै कारणले रिक्त हुन आएमा बैकल्पिक महिला उम्मेदवारलाई नियुक्ति दिइनेछ ।

**(ग) सामाजिक परिचालन स्वयम् सेवक तथा स्थानीय स्रोत व्यक्तिको जिम्मेवारी :**

सामाजिक परिचालन स्वयंसेवक/स्थानीय स्रोत व्यक्तिको मुख्य जिम्मेवारी रिफ्लेक्ट प्रकृयालाई सहजीकरण गर्नु हुनेछ । यसका अतिरिक्त निजले सामाजिक परिचालकलाई निम्न कार्यहरुमा सहयोग पुऱ्याउनु पर्नेछ :-

१. विपन्न घरधुरी नक्साङ्कन तथा अद्यावधिक गर्न,

२. स्थानीय आवश्यकता तथा प्राथमिकताको मूल्याङ्कन गर्न,

३. लैङ्गिक विश्लेषण गर्न,

४. गरिबी, वञ्चितीकरण र सशक्तिकरण विश्लेषण गर्न,

५. नागरिक सचेतना केन्द्र, समुदायमा आधारित संस्था, टोलस्तरीय संस्था परिचालन गर्न,

६. टोल विकास संस्थाहरुको क्षमता तथा आवाज अभिवृद्धि गर्न,

७. गाउँ विकास समितिको योजना तर्जुमा तथा स्रोत विनियोजनमा नागरिकहरूलाई संलग्न गराउन,

८. योजना चक्रका सम्पूर्ण चरणहरुमा नागरिक अनुगमनको भूमिका निर्वाह गर्न सक्ने क्षमता अभिवृद्धि गर्न,

९. कार्यक्रम कार्यान्वयनमा नागरिकहरूलाई सक्रिय रुपमा सहभागी गराउन तथा नागरिक सहभागिता वृद्धि गर्न,

१०. जीविकोपार्जन कार्यक्रम सञ्चालन तथा कार्यान्वयन गर्न र

११. नागरिक सचेतना केन्द्रले पहिचान गरेका सवालहरुको कार्यान्वयन गर्न ।

**(घ) सामाजिक परिचालन स्वयम् सेवक/स्थानीय स्रोत व्यक्तिको पारिश्रमिकः**

सामाजिक परिचालन स्वयम्सेवक/स्थानीय स्रोत व्यक्तिलाई निजले रिफ्लेक्ट प्रकृया सहजीकरण गरेको संख्याको आधारमा तोकिए वमोजिमको पारिश्रमिक उपलव्ध गराइने छ।

**(ड) पारिश्रमिक भुक्तानीको व्यवस्था**

(१) सामाजिक परिचालन स्वयम् सेवक/स्थानीय स्रोत व्यक्तिले हरेक रिफ्लेक्ट सेशन सञ्चालन गरिसकेपछि सोको निर्णय र सहभागीहरुको हाजिरी विवरण राख्नुपर्नेछ।

(२) नागरिक सचेतना केन्द्रले सो निर्णय र हाजिरी विवरण प्रमाणित गरिसकेपछि सामाजिक परिचालक मार्फत स्थानीय सेवा प्रदायकलाई पेश गर्नेछ र

(३) स्थानीय सेवाप्रदायक संस्थाले सामाजिक परिचालक मार्फत स्थानीयस्तरमै स्वयम् सेवकलाई पारिश्रमिक उपलब्ध गराउनेछ।

**(च) सामाजिक परिचालन स्वयंसेवक/स्थानीय श्रोत व्यक्तिको करार अवधि :**

कार्यसम्पादन सन्तोषजनक देखिएमा सामाजिक परिचालन स्वयम्सेवक/स्थानीय श्रोत व्यक्तिको करार सम्झौता अवधि तोकिएको अवधिका लागि थप गर्न सकिनेछ। कुनै कारण खुलाई वा नखुलाई स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले जिल्ला विकास समिति/नगरपालिका मार्फत एक महिनाको पूर्व सूचना दिएर कुनै पनि समयमा कुनै पनि वा सबै सामाजिक परिचालन स्वयम् सेवक/स्थानीय श्रोत ब्यक्तिसँग गरिएको यस्तो करार सेवा सम्झौताको अन्त्य गर्न सक्नेछ।

**(छ) प्रशिक्षण : सामाजिक परिचालन स्वयंसेवक/स्थानीय स्रोत व्यक्ति :**

(१) सामाजिक परिचालन स्वयम् सेवक/स्थानीय स्रोत व्यक्तिको कार्य विवरणका आधारमा व्यावहारिक अभ्यासहरु सहितको तालिमको व्यवस्था गरिनेछ।

(२) तालिम प्रयोजनका लागि राष्ट्रिय सेवा प्रदायकलाई परिचालन गरिनेछ ।

# परिच्छेद ५

## वडा तथा वस्ती तहका नागरिक संयन्त्र

### ५.१ वडा नागरिक मञ्चको गठन :

सामाजिक परिचालन कार्यक्रमलाई सवै गाउँ वस्तीहरुमा कार्यान्वयन गर्न सम्पूर्ण गाउँ विकास समितिका सवै वडाहरु र सामाजिक परिचालन कार्यक्रम लागू भएका नगरपालिकाका वडाहरुमा कम्तीमा ३३ प्रतिशत महिला सम्मिलित वडा नागरिक मञ्च गठन हुनेछ । वडा नागरिक मञ्च गठन गर्दा वडा भित्रका अन्य कुनै समूह वा संस्थामा आवद्ध हुन नपाएका सामाजिक तथा आर्थिक रुपमा पछि परेका वर्ग महिलाहरुलाई प्राथमिकताका साथ समावेश गरिनेछ ।

**क) वडा नागरिक मञ्चका सदस्यहरु :**

**वडा नागरिक मञ्च देहाय बमोजिमका सत्ताइस जना सदस्यहरु सहित गठन हुनेछः**

१. सामाजिक आर्थिक रुपले पछाडि परेका, सवै जातजाति समुदायको समानुपातिक प्रतिनिधित्व हुने गरी कम्तिम ३ जना महिला सहित ६ जना

२. सामुदायिक संस्था (सामुदायिक वन उपभोक्ता समूह, आमा समूह, ऋण तथा वचत समूह, स्थानीय क्लव, उपभोक्ता तथा समुदायमा आधारित संस्थाहरु मध्येवाट) ४ जना

३. गाउँ कृषि तथा वातावरण समितिका सदस्य १ जना

४. वडा भित्रका विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि १ जना

५. वडा भित्रका स्वास्थ्य समितिका प्रतिनिधि १ जना

६. वडा भित्रका वालक्लवहरुले आफूमध्येवाट छनोट गरेका वाल प्रतिनिधिहरु [1](१ बालक, १ बालिका) २ जना

७. विपन्नता स्तरीकरण अनुसार अति विपन्नको सूचिमा परेका २ महिला र २ पुरुष गरी ४ जना

८. वडा भित्रका जानिफकार व्यक्तिहरु मध्येवाट वडा भेलाले छानेको व्यक्ति १ जना

९. अपाङ्गता भएका नागरिकहरु मध्येवाट निजहरुले छानेका प्रतिनिधि १ जना

१०. जेष्ठ नागरिकहरु मध्ये निजहरुले छानेका प्रतिनिधि (१ महिला र १ पुरुष) गरी २ जना

११. वडा भित्रका महिला स्वास्थ्य स्वयंसेविका १ जना

१२. सम्वन्धित नागरिक सचेतना केन्द्रको संयोजक १ जना

१३. नगर वडा भित्र टोल विकास संस्था तथा टोल सुधार समिति विद्यमान रहेको भए निजहरुले आफूमध्येवाट छानेका प्रतिनिधि १ महिला र १ पुरुष गरी २ जना

---

[1] बालवालिकाको प्रतिनिधिको हकमा कुनै बालबालिका १८ वर्ष नाघेमा बालक्लव संजालस्तरमा छलफल भई नयाँ सदस्यको निमित्त सिफारिस भई अनुमोदन गरिने प्रकृया स्वतः लागु हुनेछ ।

*ख. वडा नागरिक मञ्चका कूल पदाधिकारीहरु मध्ये कम्तीमा ३३ प्रतिशत सदस्य अनिवार्य रुपमा महिला हुनुपर्नेछ ।*

*ग. सदस्यहरु मध्येबाट एक जना संयोजक छान्नु पर्नेछ र संयोजक हरेक वर्ष परिवर्तन हुनेछ । एक पटक संयोजक पुरुष भएमा अर्को पटक महिला संयोजक हुनेछ ।*

*घ. प्रत्येक वर्ष वडा नागरिक मञ्चका एक चौथाई सदस्यहरुको पदावधि सकिने छ र तिनको स्थानमा सम्बन्धित क्षेत्रबाट नयाँ सदस्य आउनेछन् । यो कार्यविधि लागू भएपछि पहिलो पटकको लागि पदावधि सकिने सदस्यहरु निर्धारण गर्दा सम्बन्धित सामाजिक परिचालकले गोला प्रथाद्वारा निश्चित गर्नेछ ।*

*ङ. वडा नागरिक मञ्चको काम, कर्तव्य र जिम्मेवारी*

*वडा नागरिक मञ्चको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः*

१. स्थानीय निर्वाचन पश्चात वडा नागरिक मञ्चले आफनो वडा भित्र सञ्चालन भएका विकास निर्माण सम्वन्धी कामहरुको नागरिक निगरानीकर्ताको रुपमा काम गर्नुका साथै सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, संयुक्त अनुगमन जस्ता कामहरुमा क्रियाशील रहने,

२. वडा तहमा सञ्चालित सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनवाई जस्ता नागरिक तथा सामाजिक उत्तरदायीमूलक कार्यक्रमहरु सञ्चालन गर्न र यस्ता कार्यक्रमहरुमा नागरिक सहभागिता वढाउन सहयोग गर्ने । नागरिकहरुवाट प्राप्त गुनासो तथा सुझावलाई सम्बन्धित निकायसँग समन्वय गरी सम्बोधन गराउन पहल गर्ने,

३. विपन्न एवम् बञ्चितिमा परेका घरपरिवारका (विपन्न, दलित, जनजाति, मधेसी, मुस्लिम, पिछडिएका वर्ग, अपाङ्गता भएका व्यक्तिहरु, महिला, वालवालिका लगायत) आवश्यकता, प्राथमिकता, आवाज, विचार एवम् सवालहरुलाई वडा नागरिक मञ्चमा स्पष्टसँग व्यक्त गर्ने वातावरण तयार गर्ने ।

४. योजना तर्जुमा प्रक्रियाको प्रत्येक चरणमा स्थानीयस्तरमा रहेका सरकारी, गैर सरकारी निकायको स्रोत उपयोग र उपभोगमा पहुंच र सहभागिता जनाउने अवसर जुटाउने,

५. सरकारी एवं गैर सरकारी निकायवाट आफ्नो क्षेत्रमा सञ्चालित कार्यक्रम/आयोजनाको आवश्यक अनुगमन एवं सहजीकरण गर्ने,

६. वडामा विद्यमान सामाजिक विसंगति, अन्धविश्वास (छाउपडी प्रथा, वाल विवाह, वहु विवाह, वोक्सी/डायन, दाइजो/दहेज प्रथा, छुवाछुत, जातीय भेदभाव, निरक्षरता, महिला विरुद्ध हिंसा, वालवालिका विरुद्ध हिंसा, वालश्रम आदि) हटाउने ।

७. खुल्ला दिशामुक्त गाँउ/वस्ती/वडा अभियानलाई कार्यान्वयन गर्ने गराउने र पूर्ण सरसफाइ अभियानमा सहयोग गर्ने,

८. स्थानीय टोल, वस्तीबाट प्राथमिकता प्राप्त आयोजना/परियोजनाका कृयाकलाप, परियोजना प्राथमिकीकरण गर्ने, वडा समिति समक्ष प्राथमिकताका आधारमा कार्यकम बजेट विनियोजनका लागि सिफारिश गर्ने,

९. वडा भित्रको विपद् जोखिम व्यवस्थापन, जलवायू परिवर्तनको असरको पहिचान गरी जलवायू अनुकूलन व्यवस्थापन गर्न सहयोग गर्ने । वडा भित्र वातावरणीय स्वच्छता सम्वन्धी कामहरु गर्ने, गराउने र वातावरणीय मैत्री वडा/वस्ती वनाउने,

१०. वजेट सिलिंग भित्र रही प्राथमिकताको आधारमा सञ्चालन गर्न सकिन योजनाहरु एकीकृत योजना तर्जुमा समितिमा पेश गर्ने । प्राप्त वजेट सिलिंगवाट सम्पन्न हुन नसक्ने योजना तथा कार्यक्रमहरु पनि गाउँ परिषद् मार्फत अन्य निकायहरुमा पेश गर्ने काममा अग्रसरता लिने,

११. योजना स्वीकृत भए पश्चात समावेशीका आधारमा उपभोक्ता समिति गठनमा सहयोग र सहजीकरण गर्ने,

१२. वडा, टोल र वस्तीमा स्थानीय सरोकारका एवम् राष्ट्रिय प्राथमिकतामा परेका विषयलाई अभियानका रुपमा संचालन गर्ने तथा सामाजिक सद्भाव वृद्धि गर्ने काममा अग्रसर रहने,

१३. सम्पन्न भएको योजना/परियोजनाले नागरिकहरुको जीविकोपार्जनमा पारेको प्रभावको सहभागितामूलक मूल्याङ्कन गर्न विपन्न तथा बञ्चितिमा परेका घरपरिवारलाई सहयोग गर्ने,

१४. नागरिक सचेतना केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गर्न सहयोग गर्ने । नागरिक सचेतना केन्द्रले तय गरेका कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक सहयोग गर्ने,

१५. वस्ति तथा वडा तहका नागरिक सरोकारका सवालहरु स्थानीय निकाय तथा अन्य सेवाप्रदायक संस्थाहरुसँग छलफल र समन्वय गरी समाधानका उपायहरुको खोजी गर्ने,

१६. वस्ति, वडा, टोलका सामाजिक-आर्थिक मुद्दाहरुमा नियमित वैठक गरी छलफल गर्ने र गाउँ विकास समिति तथा गाउँ सामाजिक परिचालन समन्वय समितिसँग समन्वय र सहकार्य गर्ने,

१७. स्थानीय वस्तुस्थिति विश्लेषणलाई सहजीकरण गर्ने, महिला, वालवालिका र विपन्न समूहका आवश्यकता तथा प्राथमिकताहरु पहिचान गर्ने,

१८. वालभेलावाट माग भई संकलन गरिएका योजनाहरुवारे समीक्षा, छलफल तथा प्राथमिकीकरण गरी कार्य योजना सहित एकीकृत योजना समितिमा पठाउने,

१९. आफ्नो वडा भित्रका विद्यालयहरुको अनुगमन गर्ने, विद्यालय भर्ना कार्यक्रम सञ्चालन गर्ने, विद्यालय छाड्ने दर कम गर्न सहयोग गर्ने, विद्यालयमा पुर्वाधार वृद्धि गर्न सहयोग पुऱ्याउने,

२०. स्वास्थ्य संस्थामा प्रसुति सेवा लिन प्रोत्साहन गर्ने र वडा भित्रका सबै बालबालिकाहरुलाई खोप लगाउने कार्यक्रमहरुमा सघाउने तथा,

२१. लैङ्गिक उत्तरदायी योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्न सहयोग गर्ने,

२२. सामाजिक सुरक्षा भत्ता पाउने नागरिकहरुको नामावली अद्यावधिक गर्न तथा भत्ता वितरणका लागि गाउँ विकास समितिलाई आवश्यक सहयोग गर्ने ।

२३. व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद आदि) दर्ता गर्न सहयोग पुऱ्याउने,

२४. व्यवसायिक कृषि र पशु पालनलाई प्रवद्धन गर्ने तथा आय आर्जन र रोजगारीका कार्यक्रमहरु सञ्चालन गर्ने र

२५. वाल मैत्री तथा वातावरण मैत्री स्थानीय शासनका सूचकहरु कार्यान्वयन गर्न वडावासी तथा वडालाई सहयोग गर्ने ।

**ग) वडा नागरिक मञ्चको वैठक :**

वडा नागरिक मञ्चको वैठक कम्तीमा दुई महिनामा एकपटक वा आवश्यकता अनुसार जुनसुकै वेला पनि वस्न सक्नेछ । मञ्चको वैठकमा आवश्यकता अनुसार गाउँ विकास समितिमा कार्यरत सरकारी

एवम् गैर सरकारी संस्थाका प्रतिनिधि, गाउँ विकास समितिको सचिव वा नगरपालिकाको हकमा वडा सचिवलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

**घ) वडा नागरिक मञ्चको पदावधि :**

(१) वडा नागरिक मञ्चको पदावधि चार वर्षको हुनेछ ।

(२) वडा नागरिक मञ्चले निर्वाह गर्ने भूमिकाप्रति सवैले जिम्मेवारी लिने र स्वामित्वभाव हुनका लागि प्रत्येक वर्ष मञ्चका एक चौथाई सदस्यहरु नयाँ आउने र पुराना हट्दै जानेछन् ।

(३) पहिलो पटक, दोश्रो र तेश्रो पटक हट्ने सदस्य गोलाप्रथाबाट चयन हुनेछन् ।

(५) जुन वर्गको प्रतिनिधि हटेको हो सोही वर्गको सदस्यलाई नयाँ सदस्य बनाइनेछ ।

(६) अठार वर्ष उमेर पुगीसकेका कारण हट्ने वालवालिकाका स्थानमा वालकको ठाँउमा वालक र वालिकाको ठाउँमा वालिका नै रहने व्यवस्था मिलाउनु पर्नेछ ।

**ङ) वडा नागरिक मञ्च व्यवस्थापन समितिः**

(१) वडा नागरिक मञ्चको कार्यलाई नियमित रुपमा सहजीकरण गर्न, निर्णय कार्यान्वयनमा सहयोग पुऱ्याउन वडा नागरिक मञ्चले आफूहरु मध्येवाट निम्नानुसार पाँच सदस्य रहेको व्यवस्थापन समिति गठन गर्नेछ । वडा नागरिक मञ्च र वडा नागरिक मञ्च व्यवस्थापन समितिको वैठकको अध्यक्षता व्यवस्थापन समितिको संयोजकले गर्नेछन् ।

| | |
|---|---|
| संयोजक | १ जना |
| सह संयोजक | १ जना |
| सदस्य | २ जना |
| सदस्य सचिव | १ (सामाजिक परिचालक) |
| **जम्मा** | **५ जना** |

(२) व्यवस्थापन समितिमा पनि कम्तीमा ३३ प्रतिशत सदस्य अनिवार्य रुपमा महिला हुनुपर्नेछ । व्यवस्थापन समितिको वैठक महिनामा एक पटक वस्नेछ ।

**च) वडा नागरिक मञ्चको क्षमता विकास :**

१. स्थानीय सेवा प्रदायक तथा सामाजिक परिचालकहरुले वडा नागरिक मञ्चका सदस्यहरुलाई स्थानीय योजना तर्जुमा, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण लगायत सामाजिक जवाफदेहिताका अन्य साधन संयन्त्रको प्रयोग गरी नागरिक अनुगमन संयन्त्रको रुपमा विकास गर्न आवश्यक क्षमता विकास गरिनेछ ।

२. बाल मैत्री स्थानीय शासन अन्तर्गतका बाल वचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता, वाल/ युवा सहभागिता, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, वजेट विश्लेषण, वातावरण मैत्री स्थानीय शासन, सामाजिक परीक्षण तथा अन्य जवाफदेहिता सम्वन्धी विषयमा जानकारी गराइनेछ ।

३. जवाफदेहिता अभिवृद्धिका लागि नागरिक सचेतना केन्द्र तथा वडा नागरिक मञ्चलाई नागरिक निगरानी प्रकृया वारे सुसूचित गर्ने एंव गाउँ परिषद् तथा एकीकृत योजना तर्जुमा समितिका गतिविधिहरु पारदर्शी गराउन सक्रिय गराइनेछ ।

४. आवश्यकता अनुसार स्थानीय निकाय योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन, विषयमा तालिम तथा अनुशिक्षण आयोजना गरिनेछ ।

४. सामाजिक परिचालकको अगुवाईमा समुदायमा आधारित संस्थाहरु, वडा नागरिक मञ्च र एकीकृत योजना समितिका सदस्यहरुलाई अनुगमन सम्वन्धी विधि एवम् तौरतरिकाहरुको अभिमुखीकरण/तालिमको व्यवस्था गरिनेछ ।

५. लक्षित समूह वा संस्थाबाट नै लाभान्वित अनुगमन समितिको गठन गरी अनुगमन गर्ने विभिन्न विधि एवम् तौरतरिकाहरु (सार्वजनिक सुनुवाइ, लैङ्गिक परीक्षण, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, नागरिक बडापत्र) मा रिफ्लेक्टबाट तालिम दिने व्यवस्था मिलाइनेछ ।

६. अुनगमन सम्बन्धी वार्षिक कार्ययोजना तयार गरी सोही अनुसार अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।

७. अनुगमन प्रतिवेदन तयारी र कार्यक्मको समीक्षाको विश्लेषण गर्ने तरिकाबारे जानकारी गराइनेछ ।

८. विषयगत कार्यालय एवं गैर सरकारी निकायहरुद्धारा सञ्चालन गरिने कार्यक्रमहरुमा वडा नागरिक मञ्चलाई परिचालन गर्न प्रोत्साहित गरिनेछ ।

## ५.२ नागरिक सचेतना केन्द :

सामाजिक तथा आर्थिक रुपले पछि परेका विपन्न परिवारहरुलाई सशक्तिकरण गर्ने उद्देश्यले विभिन्न सहभागितामूलक विधिहरुको प्रयोग गरी गाउँ विकास समिति भित्रका पनि अति विपन्न वडामा पर्ने वस्तीहरुमा नागरिक सचेतना केन्द्र गठन गरिनेछ । नागरिक सचेतना केन्द्रका सहभागीहरुलाई रुपान्तरणीय सामाजिक परिचालनका विधिहरुको प्रयोग गरी सामाजिक रुपमा सशक्तिकरण गर्ने प्रकृयासंगै उनीहरुको आर्थिक अवस्थामा सुधार ल्याउन जिविकोपार्जन सुधार कार्यक्रम संचालनका लागि सामाजिक परिचालन कार्यक्रमका अतिरिक्त अन्य विभिन्न संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

**क) नागरिक सचेतना केन्द्रका कार्यहरु**

**नागरिक सचेतना केन्द्रका कार्यहरु देहाय बमोजिम हुनेछन्:**

१. साक्षरताद्वारा सशक्तिकरण कक्षामा सवै सदस्यहरु सहभागी हुने वातावरण मिलाउने,

२. नागरिक सचेतना केन्द्रका सहभागीहरुलाई नागरिकहरुको काम कर्तव्य र अधिकार र राज्यले प्रदान गर्ने विभिन्न

प्रकृतिका सेवाहरु र सेवा प्राप्तिका प्रकृयाहरु वारे जानकारी लिने र संरक्षणका कामहरु गर्ने,

३. वातावरण, विपद् जोखिम व्यवस्थापन तथा जलवायू परिवर्तनको जोखिम पहिचान गर्ने र पूर्व सतकर्ता अपनाउने,

४ स्थानीय आवश्यकता अनुसारको कृषि, पशुपालन तथा अन्य आय आर्जन सम्वन्धी सीप तथा क्षमता विकास योजना तयार गर्ने,

५. नागरिकताको प्रमाण पत्र, जन्म, मृत्यु, विवाह आदि जस्ता व्यक्तिगत घटना दर्ता गर्न उत्साहित गर्ने,

६. जातिगत भेदभाव, वाल विवाह, वहु विवाह, अनमेल विवाह, वोक्सी, धामी, झांक्री, जुवा, तास, निरक्षरता, दहेज प्रथा, ,छुवाछुत, छाउपडी तथा महिला विरुद्धको हिंसा, वालश्रम, बाल हिंसा जस्ता सामाजिक विसंगतिहरु बारे छलफल चलाउने र समाजबाट हटाउन पहल गर्ने,

७. आफ्नो वस्ती तथा समुदायलाई खुल्ला दिसामुक्त वनाउने । वातावरणीय तथा घरेलु सरसफाइ गर्ने,

८. प्राकृतिक प्रकोप ( भुकम्प, वाढी, पहिरो, आँधिवेरी, आगलागी, शीतलहर, हिमपात आदि) वारे पूर्व सर्तकता अपनाउने र त्यसवाट वच्ने उपायहरु वारे छलफल गर्ने,

९. निर्वाचन शिक्षा, बाल अधिकार, महिला अधिकार संरक्षणका कार्य गर्ने,

१०. जातिगत एवं सामाजिक सद्भाव वढाउने,

११. वालवालिकालाई वाल विकास केन्द्र, विद्यालय भर्ना, विद्यालयमा निरन्तर हाजिरी, वालक्लवमा सहभागी गराउने,

१२. पाँच वर्ष मुनिका सवै वालवालिकाहरुलाई समयमै खोप लगाउने, गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामा लगेर सुत्केरी गराउने व्यवस्था मिलाउने,

१३. सीप विकास, आय आर्जन तथा जीविकोपार्जन सहयोग कार्यक्रम सञ्चालनको लागि विभिन्न सरकारी, गैर सरकारी तथा निजी संस्थाहरुसंग समन्वय गर्ने, वकालत गर्ने, पैरवी गर्ने र स्रोत जुटाउने,

१४. राहदानी प्राप्त गर्ने प्रकृया, वैदेशिक रोजगारीमा जाँदा ध्यान दिनुपर्ने कुराहरु, रेमिट्यान्स पठाउने विधि र यसको उपयोग जस्ता समसामयिक विषयका अतिरिक्त नेपाल सरकार तथा अन्य गैर सरकारी र निजी क्षेत्रवाट जनसरोकारका विषयमा जारी भएका नयाँ विषयहरुमा छलफल तथा जानकारी लिने र

१५.नागरिक सचेतना केन्द्रलाई परिपक्व वनाई सहकारी तथा संस्थागत विकासका लागि प्रयत्नशील रहने ।

## ख) नागरिक सचेतना केन्द्र गठन र सञ्चालन

१. गरीवीका अर्न्तनीहित कारणहरुको खोजी लगायत विभिन्न सहभागीमूलक विधिहरुको प्रयोग गरी गाउँ विकास समिति तथा नगरपालिकाका वडा भित्रका पनि अति विपन्न वडा तथा वस्तीहरुको छनोट गरी अति विपन्न, महिला, सामाजिक रुपमा पछिपरेका वर्गका नागरिकहरु सम्मिलित २५ - ३० जना सदस्यहरु रहेको नागरिक सचेतना केन्द्र गठन गरिनेछ । त्यस्तो समुदायमा सोही प्रकृतिको समूह पहिले नै गठन भएको छ भने त्यसलाई समेत नागरिक सचेतना केन्द्रको मान्यता दिन सकिनेछ ।

२. नागरिक सचेतना केन्द्रका सहभागीहरुलाई साक्षरताद्वारा सशक्तिकरण ***( ReFLECT)*** विधिहरुको प्रयोग गरी नागरिकका अधिकार, कर्तव्यवारे सुसूचित गराउने, गरीवीका अर्न्तनीहित कारणहरुको खोजी र विश्लेषण गर्न सहयोग पुऱ्याउने, आफ्ना आवश्यकता तथा प्राथमिकताहरु वारे आवाज उठाउन सक्ने, राज्य लगायत सेवा प्रवाहका लागि जिम्मेवार निकायहरुसँग आफ्ना मागहरु राख्न र उत्तरदायीपूर्ण व्यवहारको दावी गर्न, लैङ्गिक समविकास तथा वाल वालिकासँग सम्वन्धित विषयहरुमा छलफल गरी के उपायद्वारा यस्ता समस्या हटाउन सकिन्छ भन्ने जस्ता विषय र पक्ष बारेमा विश्लेषण गर्नसक्ने क्षमताको विकास गरी नागरिक सशक्तिकरणको प्रकृयामा अगाडि वढाइनेछ ।

३.नागरिक सचेतना केन्द्र गठन गर्दा महिलाहरुलाई विशेष प्राथमिकता दिइनेछ । नागरिक सचेतना केन्द्रमा एक परिवारबाट एकजना मात्र सदस्य हुनेछन् ।

## ग) नागरिक सचेतना केन्द्र संयोजन समिति

१. नागरिक सचेतना केन्दलाई नियमित रुपमा सञ्चालन गर्न नागरिक सचेतना केन्द्रका सदस्यहरु मध्येबाट आम सहमतिमा निम्नानुसार ५ सदस्य रहेको नागरिक सचेतना व्यवस्थापन समिति गठन गरिनेछ ।

| | |
|---|---|
| नागरिक सचेतना केन्द्र संयोजक | १ जना |
| नागरिक सचेतना केन्द्र सचिव | १ जना |
| सदस्य | २ जना |
| सदस्य सचिव (सामाजिक परिचालक) | १ जना |

२. संयोजन समितिमा पनि कम्तीमा ३३ प्रतिशत सदस्य अनिवार्य रुपमा महिला हुनु पर्नेछ । व्यवस्थापन समितिको वैठक महिनामा एक पटक र आवश्यकता अनुसार जुनसुकै समयमा पनि वस्नेछ ।

**घ) नागरिक सचेतना केन्द्रको क्षमता विकास प्रकृया र परिपक्वताः**

१. नागरिक सचेतना केन्द्र सञ्चालन गर्दा रिफ्लेक्ट प्रकृयामा सदस्यहरु आफै विषय वस्तु चयन गर्ने, त्यसको वारेमा छलफल गर्ने, समस्या पहिचान गर्ने, समाधानका उपायहरु पनि खोजी गर्नेछन् । तर सवै विषयहरुमा उनीहरुको ज्ञान र सीप नहुन सक्छ । सदस्यहरुले उठान गरेका सवालको समाधान सामाजिक परिचालक तथा स्वयंसेवकवाट समाधान गर्न नसकिने अवस्थामा ती विषय वस्तुहरुको टिपोट गर्नुपर्नेछ र स्थानीय सेवा प्रदायक, गाउँ विकास समिति, जिल्ला विकास समिति, नगरपालिका तथा तत् विषयसँग सम्वन्धित सरकारी, गैर सरकारी वा निजी संस्थाका सम्वन्धित कर्मचारी, विशेषज्ञ वा स्रोत व्यक्तिलाई बोलाई रिफ्लेक्ट प्रकृयामा सहजीकरण गर्ने वातावरण मिलाउनु पर्नेछ ।

२. रिफ्लेक्ट कक्षा सञ्चालन गर्ने क्रममा सामाजिक परिचालक वा सामाजिक परिचालन स्वयंसेवक/स्थानीय स्रोत **व्यक्ति**ले सामुहिक भावना र सामुहिक कार्यको महत्व वारे जानकारी गराउदै उनीहरुलाई संगठित गरी सरकारी, गैर सरकारी तथा निजी क्षेत्रवाट सेवाहरु लिन तथा दावी गर्न सक्षम वनाउन निरन्तर रुपमा सहयोग र सहजिकरण गर्नेछ ।

३. सामान्यतया नागरिक सचेतना केन्दमा कम्तीमा ५२ साता रिफ्लेक्ट कक्षा सञ्चालन गरिनेछ ।

४. नागरिक सचेतना केन्द्रको परिपक्वता मापन गर्दा न्युनतम सूचकहरु पुरा हुन नसकेको पाइएमा गाउँ विकास समिति सामाजिक परिचालन समन्वय समितिसँगको परामर्शमा थप सेसन सञ्चालन गर्न सकिनेछ ।

५. परिपक्व भइसकेका सचेतना केन्दहरुलाई स्थानीय सम्भावना र उपलव्धताको आधारमा त्यस क्षेत्रमा विद्यमान संघ सस्थाहरुसँग आवद्ध गराउन सहजीकरण गरिने छ ।

६. परिपक्व भई सकेका नागरिक सचेतना केन्द्रमा रिफ्लेक्ट कक्षा सञ्चालन नगरिएता पनि यी केन्द्रको बैठकले प्रत्येक महिना सञ्चालन गरिने बैठकको बिषय, त्यसको लागि आवश्यक व्यवस्थापन जस्ता बिषयमा अघिल्लो बर्ष नै तय गरी सामाजिक परिचालक मार्फत गाउँ/नगर सामाजिक परिचालन समितिमा पेश गर्नु पर्नेछ ।

७. गाउँ/नगर सामाजिक परिचालन समितिले परिपक्व नागरिक सचेतना केन्द्रहरुबाट यसरी प्राप्त सञ्चालन योजनामा छलफल गरी बार्षिक बढिमा रु. ३ हजारसम्म बजेट व्यवस्था सहित स्थानीय सेवा प्रदायक संस्था मार्फत सामाजिक परिचालक वा स्थानीय स्वंयम् सेवकलाई सहजीकरण तथा अनुगमन मूल्यांकन गर्न खटाउन सक्नेछ ।

## ५.३ नागरिक सचेतना केन्द्र परिपक्वताका आधारहरु :

देहायका आधारमा नागरिक सचेतना केन्द्रलाई परिपक्व भएको मानिनेछः

क. सहजकर्ता (सामाजिक परिचालक) को सहयोगमा कम्तिमा ५२ वटा रिफ्लेक्ट कक्षा सञ्चालन गरेको,

ख. नागरिक सचेतना केन्द्र व्यवस्थापन समितिको वैठक नियमित रुपमा वस्ने गरेको र केन्द्रको व्यवस्थापनको विकासको लागि छलफलहरु हुने गरेको,

ग. सामाजिक परिचालन हाते पुस्तिकामा व्यवस्था गरिएका सवै सहभागीतामूलक विधिहरुको अभ्यास गरी प्राप्त

नतिजाहरुको अभिलेख राखिएको,

घ. स्थानीय निकाय तथा अन्य सेवा प्रदायकहरुले सञ्चालन गरेको वैठक तथा कार्यक्रमहरुमा नागरिक सचेतना

केन्द्रका सदस्यहरुले भाग लिएको,

ङ. रिफ्लेक्टको माध्यमवाट कम्तीमा २ वटा क्रियाकलापहरु पहिचान तथा छनोट गरी काम शुरु गरेको,

च. समुदायको वास्तविक अवस्था र यसको आधारमा कम्तीमा एउटा योजना सञ्चालन गरेको,

छ. नागरिक सचेतना केन्द्र स्थापना हुनुभन्दा पहिलेको अवस्थालाई तुलना गर्दा हाल सामाजिक कुरीतिहरु

(वाल विवाह, वहुविवाह, अनमेल विवाह, दहेज प्रथा,वोक्सीको आरोप, जांड/रक्सी, महिला विरुद्ध हिंसा, वाल हिंसा

आदि) मा कमी आएको अभिलेख तथा प्रमाण उपलव्ध भएको,

ज. सरसफाइ र शौचालय प्रयोग गर्ने परिवारको संख्यामा वृद्धि भएको,

झ. व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्वन्ध विच्छेद, वसाई सराई आदि) दर्ता, निर्धारित अवधि भित्रै दर्ता हुने गरेको,

ञ. सामाजिक सुरक्षा सम्वन्धी भत्ता, पेन्सन वितरण आदि वारे जानकारी भई समयमै सोको दावी गर्नसक्ने भएको,

ट. पाँच वर्ष मुनिका वाल वालिकाहरुलाई नियमित खोप, गर्भवती परीक्षण, स्वास्थ्य केन्द्रमा प्रसुति सेवा लिनपर्ने विषय वारे जानकारी भएको,

ठ. स्थानीयस्तरका योजना तर्जुमा, कार्यान्वय तथा अनुगमन प्रकृया वारे सामान्य जानकारी भएको,

ड. स्थानीयस्तरमा कार्यरत संघ संस्थाहरु र ती संस्थाहरुवाट प्रवाह गरिने सेवाहरु वारे जानकारी भएको र

ढ. नागरिक सचेतना केन्द्रले गर्ने भनी तोकिएका अन्य कार्यहरु गर्ने क्षमता विकास भएको ।

तर माथि उल्लेखित सूचकमा कम उपलब्धी हासिल भएको आधारमा मात्र २ बर्ष पुराना नागरिक सचेतना केन्द्रलाई परिपक्व नभएको भनी हालको निरन्तर सहयोग जारी राखिने छैन् ।

## ५.४ नागरिक सचेतना केन्द्र तथा सामुदायिक संस्थाको क्षमता अभिवृद्धि :

नागरिक सचेतना केन्द्रहरुको तथा सामुदायिक संस्थाको क्षमता अभिवृद्धि देहाय बमोजिम हुनेछः

१.नागरिक सचेतना केन्द्रको प्राविधिक क्षमता अभिवृद्धि गर्ने जिम्मेवारी स्थानीय सेवा प्रदायकको हुनेछ । यसका लागि जीविकोपार्जन सुधार तथा उद्यम विकासका तालिमहरु सञ्चालन गरिनेछ । यसका लागि लघु उद्यम विकास कार्यक्रमवाट विकास गरिएको उद्यम विकासको मोडेलको समेत उपयोग गर्न सकिनेछ । नागरिक सचेतना केन्द्रका प्रतिनिधिहरुलाई सामान्य प्रस्ताव लेखन, समुह सञ्चालन तथा व्यवस्थापन, कार्यक्रम अनुगमन मुल्याङ्कन सम्वन्धमा, वाल सुचना पाटीको प्रयोगवारे पनि तालिम प्रदान गरिनेछ ।

गाउँ विकास समिति अर्न्तगत स्थानीयस्तरमा रहेका समुदायमा आधारित संस्थाहरु, वडा नागरिक मञ्च र एकीकृत योजना तर्जुमा समितिका सदस्यहरुलाई सञ्चालित योजना/कार्यक्रमहरुको अनुगमनमा प्रयोग गरिने विधि एवम् तौरतरिकाहरु (सार्वजनिक सुनुवाई, लैङ्गिक परीक्षण, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, नागरिक बडापत्र) का बारेमा जानकारी गराई अनुगमन कार्यमा सहभागी गराइने छ ।

## ५.५. नागरिक सचेता केन्द्र सहयोग वर्हिगमन नीति

१. सामान्यतया स्थापना भएको २ बर्षमा नागरिक सचेतना केन्द्रलाई परिपक्वताको अवस्थामा लगिने छ । परिपक्वताको लागि प्रस्तावित नागरिक सचेतना केन्द्रमा सामाजिक परिचालकले नियमित रुपमा गरी आएको सहजीकरण कार्यलाई नयाँ गठन भएका नागरिक सचेतना केन्द्रमा स्थानान्तरण गरिनेछ । परिपक्व नागरिक सचेतना केन्द्रमा सामाजिक परिचालन स्वयंसेवक/स्थानीय स्रोत व्यक्ति मार्फत निश्चित अवधिसम्म सेवा प्रदान गरिनेछ ।

२. सामाजिक परिचालन सदा सर्वदा स्वःचालित हुनुपर्ने भएकाले एक चरणको परिपक्वता पश्चात सहकारीमा परिणत हुन प्रेरित गरिनेछ ।

३. नागरिक सचेतना केन्द्रले जिविकोपार्जन सुधार कार्यक्रम मार्फत विभिन्न आय आर्जनका क्रियाकलापहरु सञ्चालन गरी नागरिकहरुको सामाजिक आर्थिक पुँजीको विकास गर्नेछ । यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिनको लागि नागरिक सचेतना केन्द्रहरुलाई स्थापित सहकारीको सदस्य वन्न उत्प्रेरित गरिनेछ ।

४. सामाजिक परिचालनका क्रममा गठित नागरिक सचेतना केन्द्र तथा वडा नागरिक मञ्चहरुलाई गाविस क्षेत्रभित्र काम गर्ने अन्य संस्थाहरुसँग मिलेर आफ्ना कार्यक्रमहरु सञ्चालन गर्न अभिप्रेरित गरिनेछ ती संस्थाहरुसँग साझेदारिता अभिवृद्धि गर्न उत्प्रेरित गरिनेछ ।

५. जीविकोपार्जनको कार्यक्रम सञ्चालनका लागि प्राप्त हुने स्रोतहरु संकलन गरी त्यसको समुचित व्यवस्थापन गर्न सहजीकरण गरिनेछ ।

६. नागरिक सचेतना केन्दलाई गाउँ विकास समितिमा सूचीकृत गरी अन्य संघ संस्थाहरुँग समन्वय र साझेदारिता विकासका लागि प्रेरित गरिनेछ ।

# परिच्छेद ६

# जीविकोपार्जन सुधार कार्यक्रम

**६.१ जीविकोपार्जन :**

स्वःरोजगार वा ज्यालामा आधारित रोजगारीको माध्यमवाट व्यक्ति, घरपरिवार तथा समुदायका सदस्यहरुको जीवनस्तर सुधारका लागि सञ्चालन गरिने आर्थिक तथा गैर आर्थिक क्रियाकलापहरुको योजना नै  जीविकापार्जन सुधार योजना हो । जीविकापार्जन सुधार योजना नागरिकहरुको दिगो आर्थिक सशक्तिकरणसँग सम्वन्धित हुने गर्दछ । यसले गरीवी न्युनीकरणमा सहयोग गर्ने गर्दछ ।

सामाजिक परिचालनको माध्यमबाट विभिन्न सहभागीतामूलक विधिहरुको प्रयोग गरी गाउँ विकास समिति भित्र सबैभन्दा बढी विपन्न परिवारहरुको घनत्व रहेको  वडा तथा वस्ती  पहिचान गरी  नागरिक सचेतना केन्द्र स्थापना गर्ने नीतिलाई निरन्तरता दिइनेछ । यसरी स्थापना भएका नागरिक सचेतना केन्द्रमा विभिन्न समसामयिक विषयमा छलफल गर्ने, गरिबीका अन्तर्निहित कारणहरुको पहिचान र विश्लेषण गर्ने, सार्वजनिक सेवाहरुमा विपन्न तथा लक्षित वर्गहरुको पहुंच वढाउने जस्ता कार्यहरुका साथै नागरिक सचेतना केन्द्रका सदस्यहरुको आर्थिक सशक्तिकरणका लागि आय आर्जनका कार्यक्रमहरु, व्यवसाय विकास, उत्पादनमूलक आर्थिक पुर्वाधारहरुको निर्माण जस्ता पक्षहरुमा सहयोग पुऱ्याउन नागरिक सचेतना केन्द्रस्तरदेखि जीविकोपार्जन सुधार कार्यक्रम लागू गरी कार्यान्वयन गरिनेछ  ।

**६.२ जीविकोपार्जन सुधार कार्यक्रमका उद्देश्यहरु :**

(१) नागरिक सचेतना केन्द्रका सदस्यहरुको आर्थिक अवस्थामा सुधार ल्याउन सहयोग पुऱ्याउने,
(२) नागरिक सचेतना केन्द्रका अति विपन्न र गरिब सदस्यका मागहरु सम्बोधन गर्न सहयोग गर्ने,
(३) जीविकोपार्जन सुधार योजना तर्जुमा गरी कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्न सहयोग गर्ने,
(४) स्थानीय निकाय र समुदाय बीचको अर्न्तसम्बन्ध बलियो वनाउने र
(५) सरकारी तथा गैर सरकारी सेवा र श्रोतमा विपन्न परिवारहरुको पहुँच स्थापित गर्दै लैजाने ।

**६.३ जीविकापार्जन सुधार कार्यक्रम अन्तरगत सञ्चालन गर्न सकिने कार्यक्रमहरु :**

जीविकोपार्जन सुधार कार्यक्रम अन्तरगत निम्न क्रियाकलापहरु सञ्चालन तथा कार्यान्वयन गर्न प्रोत्साहित गरिनेछ ।

(१) व्यवसायिक वा सामुदायिक खेती/पशुपालन,
२. कबुलियती बन व्यवस्थापन, गैर काष्ठ बन पैदावार उत्पादन र प्राकृतिक स्रोतमा आधारित आय आर्जन तथा लघु उद्यम विकास,
(२) रोजगारीमूलक र उत्पादकत्व बढाउने विभिन्न किसिमका सीपमूलक तालिम,
(३) आय र उत्पादन बृद्धि गर्ने ग्रामीण प्रविधि विकास तथा प्रयोग,
(४) वैकल्पिक ऊर्जा ( सोलार, बायोग्यास, ब्रिकेट सुधारिएको घट्ट, उन्नत चुल्हो आदि ) निर्माण,
(५ आयमूलक कार्यक्रम वा लघु उद्यम विकास,
(६) पानी घट्ट, साना सिचाई, मिल, आरन, घरेलु शिल्पकला, लुगा कटाई सिलाई, बुनाई आदि,
(७) सहकारी पसल, खुद्रा पसल,
(८) तरकारी खेती, नगदे वाली, पशु पालन र
(९) साना व्यवसाय तथा व्यापार ।

आयमूलक कार्यक्रम/लघु उद्यम विकास सम्बन्धी आयोजना छनोट गर्दा बजारको उपलव्धता तथा व्यवस्था, मर्मत सम्भार सीपको उपलब्धता, सामानको बजार मूल्य बारे सामान्य विश्लेषण गर्नुपर्नेछ ।

**६.४ योजना कार्यान्वयनको लागि नागरिक सचेतना केन्द्र छनौट :**

(२) जीविकोपार्जन कार्यक्रम संचालन गर्न नागरिक सचेतना केन्द्र छनोट गर्दा तल उल्लेखित शर्तहरु पुरा गरेको हुनुपर्नेछ :

(क) नागरिक सचेतना केन्द्र नियमित रुपमा सञ्चालन भइरहेको,

(ख) सामाजिक परिचालन कार्यविधि र अन्य पुस्तिकामा उल्लेख भए अनुसार सहभागीमूलक विधिहरुको अभ्यास भई नागरिक सचेतना केन्द्रका सदस्यहरुले आफ्नो अवस्था विश्लेषण गरेको,

(ग) नागरिक सचेतना केन्द्रले समुदायस्तरवाट गर्नसक्ने कार्यहरु नियमित रुपमा गरिरहेको र

(घ) नागरिक सचेतना केन्द्रका सहभागीहरुले सहभागीमूलक विधिद्वारा सदस्यहरुको विपन्नता स्तरीकरण गरेको ।

२. जीविकोपार्जन सुधार कार्यकम लागू गर्न माथि उल्लेखित शर्तहरु सहित नागरिक सचेतना केन्द्र परिपक्वताका सूचकहरुलाई समेत आधार वनाउन सकिनेछ

३. जीविकोपार्जन सुधार कार्यकमको प्रभावकारिता र नतिजाको आधारमा यो कार्यक्रमलाई क्रमश अन्य गाउँ विकास समिति तथा नगरपालिकाका नागरिक सचेतना केन्द्र सञ्चालन भएका वडाहरुमा पनि विस्तार गर्दै लगिनेछ ।

## ६.५ जीविकोपार्जन सुधार कार्यक्रम कार्यान्वयन प्रकृया :

(१) जीविकोपार्जन सुधार कार्यक्रम प्रारम्भ गर्नुपूर्व सम्वन्धित स्थानीय सेवाप्रदायक र गाउँ विकास समिति तथा नगरपालिकाका सामाजिक परिचालकहरुलाई जीविकोपार्जन सुधार कार्यक्रमको अवधारणा, कार्यक्रम सञ्चालन प्रकृया, व्यवसायिक योजना निर्माण लगायत विभिन्न पक्षहरुको जिम्मेवारी वारे प्रष्टता ल्याउन जीविकोपार्जन सुधार अभिमुखीकरण कार्यक्रम प्रदान गरिनेछ ।

(२) अभिमुखीकरण पश्चात सामाजिक परिचालकले नागरिक सचेतना केन्द्रका सदस्यहरुलाई जीविकोपार्जन सुधार योजना तयारी र सञ्चालन गर्न सहजिकरण गर्नेछन् । योजना तयार गर्दा निम्न कुराहरुलाई प्राथमिकता दिनु पर्नेछः

(क) नागरिक सचेतना केन्द्रका बहुसंख्यक सदस्यहरुको रोजगारी र आम्दानी बृद्धि गर्ने,
(ख) स्थानीय स्तरमा उपलब्ध श्रोत, सीप, प्राविधिको प्रयोग हुने,
(ग) थोरै लागतबाट धेरै मानिस लाभान्वित हुने, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा युवा वर्गलाई प्रत्यक्ष लाभ हुने र
(घ) वातावरणीय अनुकुलन हुने, कृषि, गैर कृषि, वन तथा अन्य सेवामा उत्पादकत्व बढ्ने ।

## ६.६ जिवीकोपार्जन सुधार कार्यक्रम कार्यान्वयन र वजेट निकासा प्रकृया

(१) सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले यस कार्यक्रमका लागि स्वीकृत वजेट सम्वन्धित जिल्ला विकास समिति तथा नगरपालिकालाई उपलब्ध गराउनेछ ।

(२) जीविकोपार्जन सुधार अभिमुखीकरण पश्चात सामाजिक परिचालक तथा स्थानीय सेवा प्रदायक संस्थाहरुले नागरिक
सचेतना केन्द्रलाई योजनाहरुको प्राथमिकताक्रम निर्धारण गर्न तथा कार्यक्रमहरुको प्राथमिकता निर्धारण गर्न
सहयोग गर्नेछन् ।

(३) नागरिक सचेतना केन्द्रका लागि जीविकोपार्जन सम्वन्धी कार्यक्रमहरु सञ्चालन गर्दा गाउँ विकास समिति तथा नगरपालिकाको वडास्थित अन्य सरकारी तथा गैर सरकारी संस्थाहरुसँग समन्वय गरेर कार्यान्वयन गराउनका लागि प्राथमिकता दिइनेछ । यसरी नागरिक सचेतना

केन्दको पूर्ण वैठकवाट प्राथमिकतामा परेका व्यवसायिक योजना तथा कार्यक्रमहरुलाई नागरिक सचेतना केन्द्रले वडा नागरिक मञ्च मार्फत गाउँ विकास समिति/नगरपालिका पठाउने छ।

(४) यसरी प्राप्त हुन आएका कार्यक्रमहरुलाई गाउँ विकास समिति तथा नगरपालिकाको वडाले स्वीकृत गरी पेश भएको मितिले ७ दिन भित्र सिफारिश सहित सम्वन्धित जिल्ला विकास समिति तथा नगरपालिका कार्यालयमा पेश गर्नेछन्।

(५) गाउँ विकास समिति तथा नगरपालिका वडावाट सिफारिश भई आएका कार्यक्रमहरु उपर आवश्यक छलफल गरी गाउँ विकास समितिको हकमा जिल्ला विकास समितिले र नगरपालिका वडाको हकमा नगरपालिकाले उक्त कार्यक्रमहरु स्वीकृत गरी सो अनुसारको वजेट गाउँ विकास समिति तथा नगरपालिकाको वडालाई निकासा गर्नेछन्।

(६) गाउँ विकास समिति तथा नगरपालिकाले नागरिक सचेतना केन्द्रको अनुदान रकम नागरिक सचेतना केन्द्रको वैंक खाता मार्फत निकासा दिनेछ।

(७) नागरिक सचेतना केन्द्रका नाममा खाता नभए गाउँ विकास समिति, जिल्ला विकास समिति तथा नगरपालिकाले वैंक खाता खोल्न नागरिक सचेतना केन्द्रलाई सहयोग गर्नेछ।

(८) वडा कार्यालय नभएको नगरपालिकाका हकमा नगरपालिकाको कार्यालयले स्वीकृत रकम सिधै नागरिक सचेतना केन्द्रलाई वैंक मार्फत निकासा दिनेछ।

**६.७ जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन प्रकृया :**

(१) जीविकोपार्जन सुधार कार्यक्रम पूर्वाधारसँग सम्बन्धित भएमा नागरिक सचेतना केन्द्रका सदस्यहरुले स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ अनुसार लाभान्वित परिवारहरु मध्येवाट उपभोक्ता समिति गठन गरी कार्यान्वयन गर्नेछन्।

(२) उपभोक्ता समितिलाई सम्बन्धित गाउँ विकास समिति, जिल्ला विकास समिति/नगरपालिकाले प्राविधिक सहयोग उपलब्ध गराउनेछ।

(३) यदि जीविकोपार्जन सुधार आयोजना सीप विकास तालिम तथा आयमूलक व्यवसायसँग सम्वन्धित भएमा नागरिक सचेतना केन्द्रको व्यवस्थापन समितिले कार्यान्वयन गर्नेछ। उक्त कार्यमा स्थानीय सेवा प्रदायक संस्था, गाउँ विकास समिति/नपा र गाउँ विकास समिति तथा नगर वडा स्थित संघ संस्थाहरुले सहयोग गर्नेछन्।

(४) जीविकोपार्जन सुधार आयोजना छनोट गर्दा अति गरिब र सिमान्तकृत समुदायलाई फाइदा हुने आयोजनालाई पहिलो प्राथमिकता दिनुपर्नेछ। खर्चको अनुगमन र सञ्चालन नागरिक सचेतना केन्द्र व्यवस्थापन समितिले लिनेछ। छनोट भएका जीविकोपार्जन सुधारसँग सम्वन्धित पुर्वाधार विकास कार्यक्रम अन्य निकायहरुबाट कार्यान्वयन भइरहेको र लाभान्वित वर्गहरु पनि तिनै घरपरिवार भएको खण्डमा सोही काममा खर्च गर्न पाइने छैन।

(५) यो कार्यक्रमलाई सुचारु रुपमा सञ्चालन गर्ने र गराउने प्रमुख जिम्मेवारी नागरिक सचेतना केन्द्र व्यवस्थापन समिति, सम्वन्धित वडा नागरिक मञ्च, स्थानीय सेवा प्रदायक र सामाजिक परिचालकको हुनेछ। यसका साथै गाउँ विकास समिति सामाजिक परिचालन समन्वय समिति, गाउँ विकास समिति, जिल्ला तथा नगरपालिका र क्षेत्रीय समन्वय इकाइले यसको निरन्तर रुपमा अनुगमन र कार्यप्रगतिको अवस्था वारेमा चासो राख्ने छन्।

**६.८ जीविकोपार्जन सुधार कार्यक्रमको वजेट वाँडफाँडका आधारहरु :**

जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गरिने गाउँ विकास समिति तथा नगरपीलकाको नागरिक सचेतना केन्द्र व्यवस्थापन समितिले प्राप्त अनुदान निम्न बमोजिमको दुई किसिमका कामका लागि बाँडफाँड गर्नेछ।

क) नागरिक सचेतना केन्द्रका सदस्यहरुलाई उत्पादन तथा आयमूलक काम संचालन गर्ने कम्तीमा ८० प्रतिशत

ख) नागरिक सचेतना केन्द्रका सदस्यहरुलाई आयमूलक तालिम प्रदान गर्नका लागि वढीमा २० प्रतिशत

***(यो परिधिमा रहेर कुन प्रयोजनका लागि कति रकम विनियोजन गर्ने निर्णय नासकेको पूर्ण वैठकले गर्नेछ)***

## ६.९ जीविकोपार्जन सुधार कार्यक्रम कार्यान्वयन गर्ने सामाजिक परिचालकको भूमिका :

१. जीविकोपार्जन सुधार कार्यक्रम सम्वन्धी तालिममा सक्रिय रुपमा सहभागी हुने,
२. जीविकोपार्जन सुधारसँग सम्वन्धित आधारभूत सर्भेक्षण र अन्य तथ्याङ्कहरु संकलन गर्ने,
३. नागरिक सचेतना केन्द्रका सदस्यहरु र समुदायको लागि जीविकोपार्जन सुधार कार्यक्रम तयार गर्न सहयोग गर्ने,
४. गाउँ विकास समिति/नगरपालिका तहमा उपलब्ध अन्य सेवा प्रदायक संस्था वा बिषयगत निकायसँग सम्पर्क र समन्वय कायम गर्न नागरिक सचेतना केन्द्रलाई सघाउने,
५. गाउँ विकास समिति/नगरपालिका तथा जिल्लास्तरका अन्य निकायहरुसँग जिविकोपार्जन सुधार कार्यक्रम सम्वन्धी कार्यमा निरन्तर रुपमा समन्वय र साझेदारिता वृद्धि गर्न सहयोग गर्ने,
६. नागरिक सचेतना केन्द्रलाई समयमा बजेट प्राप्तिको सुनिश्चित गर्न सहयोग गर्ने,
७. नियमित रुपमा कार्यक्रमको प्रगति प्रतिवेदन पेश गर्ने । घुम्ती कोष परिचालन गर्न नागरिक सचेतना केन्द्रलाई सहयोग पु¥याउने र
८. जीविकोपार्जन कार्यक्रमवाट प्राप्त प्रतिफल र नतिजाहरुको अभिलेख राख्ने तथा प्रगति प्रतिवेदन पेश गर्ने ।

## ६.१० स्थानीय सेवा प्रदायक संस्थाको जिम्मेवारी :

१. जीविकोपार्जन सुधार तथा आयमूलक प्रयोजनका लागि व्यवसायिक योजना तर्जुमा गर्न सामाजिक परिचालकलाई आवश्यक सहजीकरण र प्राविधिक सहयोग उपलब्ध गराउने,
२. नागरिक सचेतना केन्द्रले छनोट गरेका आयमूलक तालिम संचालन गर्न तालिम दिने संस्थाहरुको विषयमा र आयमूलक कार्यक्रमको लागि दिइने वस्तुगत सहयोगको जानकारी गराउने,
३. सामाजिक परिचालकलाई विभिन्न तथ्याङ्क संकलन गर्न प्राविधिक सहयोग प्रदान गर्ने,
४. जीविकोपार्जन सुधार कार्यक्रमको नियमित रुपमा अनुगमन गर्ने र
५. सामाजिक परिचालकवाट जिविकोपार्जन सुधार कार्यक्रम सम्बन्धी प्रगति प्रतिवेदन संकलन गरी जिल्ला विकास समिति र नगरपालिकामा पेश गर्ने ।

## ६.११ जिल्ला तथा नगर सामाजिक परिचालन समन्वय समितिको जिम्मेवारी

१. नागरिक सचेतना केन्द्रले पठाएको जीविकोपार्जन सुधार कार्यक्रम आयोजनाको बिश्लेषण गरी जिल्ला विकास समिति तथा नगरपालिका कार्यालयमा पेश गर्ने,
२. जिल्ला तथा नगरस्तरका विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुसँग जीविकोपार्जन सुधार कार्यक्रम आयोजनाहरु वीच कार्यगत सम्वन्ध, साझेदारिता र समन्वय गर्ने,
३. नागरिक सचेतना केन्द्रले माग गरेका आयोजना कार्यान्वयनका लागि रकम उपलब्ध गराउने,
४. जीविकोपार्जन सुधार कार्यक्रम आयोजनाको अनुगमन गर्ने,
   जीविकोपार्जन सुधार कार्यक्रम आयोजनाहरुको सार्वजनिक परीक्षण गराई समयमै वित्तीय प्रगति प्रतिवेदन पठाउने,
५. क्षेत्रीय समन्वय इकाईलाई जीविकोपार्जन सुधार कार्यक्रमको आवश्यक प्रगति प्रतिवेदन पठाउने र
६. जिविकोपार्जन सुधार कार्यक्रम आयोजनाको निरन्तर अनुगमन गरी समयमा आयोजना सम्पन्न गर्न मद्दत गर्ने ।

**६.१२ कार्यक्रम अनुगमन**

(१) सामाजिक परिचालकले जीविकोपार्जन सुधार कार्यक्रम शुरु हुनु अगाडि अनुगमनका लागि आधारभूत तथ्याङ्क संकलन गर्नेछ ।

(२) कार्यक्रमवाट लाभान्वित घरधुरीवाट निरन्तर रुपमा यसको नतिजा, समस्या र समाधानका उपाय सम्बन्धी सूचना संकलन गरिराख्ने छ ।

(३) स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ बमोजिम गाउँ विकास समिति/नगरपालिका स्तरको अनुगमन तथा सुपरिवेक्षण समितिले निरन्तर रुपमा जीविकोपार्जन सुधार कार्यक्रमको रकम प्रवाह सम्बन्धी कार्यको अनुगमन गरी प्रतिवेदन पेश गर्नेछ ।

(४) सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, कार्यक्रम समन्वय इकाई, गाउँ विकास समिति/नगरपालिका/नगर सामाजिक परिचालन समन्वय समिति, स्थानीय सेवा प्रदायक, क्षेत्रीय समन्वय ईकाईले जीविकोपार्जन सुधार कार्यक्रमको नियमित रुपमा अनुगमन गर्नेछन् ।

**६.१३ प्रगति प्रतिवेदन व्यवस्था :**

सामाजिक परिचालकले तोकिएको ढाँचाको प्रगति प्रतिवेदन सम्बन्धित स्थानीय सेवा प्रदायकलाई बुझाउनु पर्नेछ । स्थानीय सेवा प्रदायकले उक्त प्रगति प्रतिवेदन संकलन गरी एकीकृत प्रतिवेदन सम्बन्धित जिल्ला विकास समिति/नगरपालिका सामाजिक परिचालन समन्वय समितिलाई बुझाउनु पर्नेछ । जिल्ला विकास समिति/नगरपालिकाले आफ्नो जिल्ला/नगरको प्रगति संकलन गरेर सम्बन्धित क्षेत्रीय समन्वय इकाईमा पठाउनु पर्नेछ । सबै क्षेत्रीय समन्वय ईकाईहरुले आफ्नो क्षेत्रको प्रगति प्रतिवेदन सकारात्मक पक्ष, समस्याहरु, सुधारका उपायहरु समेत उल्लेख गरी सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, नगरपालिका व्यवस्था शाखा र स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रममा संश्लेषित प्रतिवेदन पेश गर्नेछ ।

**६.१४ सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई :**

सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई निर्देशिकाको उपयोग गरी सामाजिक परिचालनका क्रियाकलापहरुको आम नागरिकहरुलाई जानकारी गराउने र उनीहरुको पृष्ठपोषण लिने, क्रियाकलापहरुलाई पारदर्शि वनाउने र कार्यक्रमप्रति जवाफदेही वनाउने व्यवस्था सम्वन्धित सामाजिक परिचालक र गाउँ विकास समितिको सचिव वा नगरपालिकाको बडा सचिवले संयुक्त रुपमा मिलाउने छन् ।

# परिच्छेद ७

# सामाजिक परिचालन कार्यक्रमको समीक्षा तथा मूल्यांकन

## ७.१. सामाजिक परिचालन कार्यक्रमको समीक्षा :

(१) जिल्ला र नगर सामाजिक परिचालन समन्वय समिति, गाउँ सामाजिक परिचालन समन्वय समिति, स्थानीय सेवा प्रदायक संस्थाहरुले सरोकारवालाहरुको सहभागितामा सामाजिक परिचालन कार्यक्रमको नियमित रुपमा समीक्षा गर्ने र सुधारका उपायहरुको खोजी गर्नुपर्नेछ ।

(२) वडास्तरमा वडा नागरिक मञ्चले आफ्नो वडा भित्रका कामहरुको निरन्तर रुपमा समीक्षा गर्नेछ ।

## ७.२ स्थानीय सेवा प्रदायकको कार्य सम्पादन समीक्षा :

स्थानीय सेवाप्रदायकले गरेका कामहरुको वार्षिक रुपमा वस्तुनिष्ठ मूल्यांकन अनिवार्य हुनेछ । यसका लागि स्थानीय सेवाप्रदायक संस्थाहरुको कामको निरन्तर रुपमा समीक्षा गरी भविष्यमा गर्नुपर्ने कार्यदिशा निर्धारण गर्नका लागि जिल्ला तथा नगर सामाजिक परिचालन समन्वय समितिले कार्यक्रमको नियमित रुपमा अनुगमन गरी चौमासिक रुपमा स्थानीय सेवा प्रदायकहरूसँग समीक्षा वैठक गर्नेछ । अनुगमनवाट प्राप्त निष्कर्षहरु र तल उल्लेखित सूचकमा आधारित भएर जिल्ला तथा नगर सामाजिक परिचालन समन्वय समितिले राष्ट्रिय सेवा प्रदायकको सहयोगमा स्थानीय सेवा प्रदायकहरुको कार्यसम्पादनको वार्षिक मूल्याङ्कन गरी आवश्यक निर्णय लिनेछ । कार्यसम्पादन मूल्यांकन मूलतः निम्न विषयहरुमा केन्द्रीत गरिनेछः

१. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको कार्यक्रम दस्तावेजमा उल्लेख भए अनुसार सामाजिक परिचालन अन्तरगतका प्रतिफल तहका सूचकहरु प्राप्तिको अवस्था,

२. नागरिकहरुले प्राप्त गर्नुपर्ने सेवा र सुविधाहरु प्राप्त गर्न सामाजिक परिचालन कार्यवाट सहयोग प्राप्त भए, नभएको अवस्था,

३. स्थानीय शासन प्रकृयामा गरीब, महिला, वालवालिका र अन्य वर्गहरुको सहभागिताको भए, नभएको,

४. सामाजिक परिचालन कार्यक्रमवाट विपन्न वर्ग लाभान्वित भए, नभएको,

५. स्थानीयस्तरमा विभिन्न विकास साझेदारहरु वीच सहयोग, साझेदारिता र समन्वय हुन सकेको, नसकेको,

६. नागरिक सचेतना केन्द्रमा तोकिएको मात्रामा लजिस्टिक सहयोग पुगे नपुगेको,

७. नियमित रुपमा तोकिएको ढाँचामा प्रतिवेदन पेश गरे नगरेको, गाविस तथा नपाको बडाहरुको श्रोत नक्सा, गरिबी नक्सांकन जस्ता तथ्याङ्कहरु तोकिए बमोजिम अद्यावधिक गरी अभिलेख तयार गरे नगरेको र सम्वन्धित निकायमा पेश गरे नगरेको,

८. तोकिएको अवधिभित्र आवश्यक विवरणहरु पेश गरी निकाशा लिए नलिएको, काममा पारदर्शिता कायम भए

नभएको,

९. सामाजिक परिचालन संयोजक र सामाजिक परिचालकलाई तोकिएको पारिश्रमिक समयमै उपलव्ध हुने अवस्था सिर्जना भएको वा नभएको र

१०. गाउँ विकास समिति वा नपाको वडास्तरमा सामाजिक रुढीवादी, दाइजो प्रथा, जातिगत भेदभाव, अन्धविश्वास, छुवाछुत, वाल विवाह, वहु विवाह, महिला विरुद्ध हिंसा, वोक्सी प्रथा, छाउपडी प्रथा जस्ता सामाजिक विकृतिहरुका संख्यामा कमी आउन सके नसकेको ।

***द्रष्टव्य : जिल्ला तथा नगर सामाजिक परिचालन परिचालन समितिले स्थानीय अवस्थाको आधारमा माथि उल्लेख भएका सूचकका अतिरिक्त अन्य सूचकहरु निर्धारण गरी स्थानीय सेवा प्रदायक संस्थाहरुको कामको समीक्षा गर्नेछ ।***

## ७.३ वडा नागरिक मञ्च र सामाजिक परिचालकको कार्यसम्पादन समीक्षा :

(१) गाउँ विकास समिति तथा नगर वडा कार्यालय, गाउँ सामाजिक परिचालन समन्वय समिति, स्थानीय सेवा प्रदायक संस्थाले नियमित रुपमा वडा नागरिक मञ्चका गतिविधिहरुको समीक्षा गर्नेछन् ।

(२) वडा नागरिक मञ्चको कार्यसम्पादन अवस्था समीक्षा गर्दा निम्न पक्षहरुलाई मूल आधार मानिनेछ ।

(क) वडा नागरिक मञ्चमा विपन्न, महिला, वालवालिका र वञ्चित/सिमान्तकृत नागरिकहरुको समतामूलक प्रतिनिधित्व छ, छैन,

(ख) वडा नागरिक मञ्चको वैठक नियमित रुपमा सञ्चालन भएको छ, छैन,

(ग) वडा नागरिक मञ्चले आफ्नो वडा भित्रका आवश्यकताहरुको पहिचान र प्राथमिकीकरण गरी तोकिएको समय भित्र एकीकृत योजना समितिमा पेश गरेका छन्, छैनन्,

(घ) नागरिकहरु विशेषगरी गरीब र सामाजिक रुपमा वञ्चितीकरणमा परेका समूहहरूलाई समयमा नै गाउँ विकास समितिको योजना तर्जुमा प्रक्रियाका बारेमा जानकारी गराई उनीहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने प्रयत्न भए नभएको,

(ङ) वडा नागरिक मञ्च र एकीकृत योजना तर्जुमा समितिले गरीब र वञ्चितीकरणमा परेकाहरुलाई प्राथमिकता दिँदै गाउँ विकास समितिको वार्षिक योजनामा उनीहरुका प्राथमिकता अनुसार कार्यक्रमहरु छनौंट गरिएको छ, छैन,

(च) विभिन्न निकायहरुद्वारा वडा भित्र सञ्चालित कार्यक्रमको गुणस्तर र आर्थिक पारदर्शिताको अवस्था के छ, सञ्चालित कार्यक्रमहरुको सार्वजनिक परीक्षण गरियो, गरिएन, उपभोक्ता समितिहरू आम भेलावाट गठन भएका र समावेशी प्रकृतिका छन्, छैनन् भन्ने विषयहमा छलफल भए, नभएको,

(छ) गाउँ विकास समितिले सामाजिक परिचालन कार्यविधि, वालमैत्री स्थानीय शासन रणनीति, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, वातावरण मैत्री स्थानीय शासन प्रारुप ,स्थानीय निकाय स्रोत परिचालन तथा ब्यवस्थापन कार्यविधि, २०६९ लाई प्रभावकारी तरिकाले अवलम्बन गरेको छ, छैन ,

(ज) नागरिकहरु विशेषगरी गरीब र सामाजिक रुपमा वञ्चित समूहहरुले समयमा नै गाउँ विकास समिति/नगरपालिका योजना तर्जुमा र बजेट विनियोजनका बारेमा जानकारी पाएका छन्, छैनन्,

(झ) सामाजिक परिचालकलाई विषयगत कार्यालय, सरकारी गैरसरकारी संस्था तथा अन्य सेवा प्रदायक निकायहरु र निजी क्षेत्रलाई एक अर्कासँग समन्वय र साझेदारी गर्न सहजीकरण भूमिका निर्वाह गर्न प्रोत्साहन गर्ने गरेको छ, छैन,

(ञ) राजनीतिक दल र अन्य सरोकारवालाहरुलाई एकीकृत योजना समिति र अनुगमन समितिमा प्रतिनिधित्वका लागि समयमा नै जानकारी दिइएको छ, छैन,

(ट) एकीकृत योजना तर्जुमा समितिमा सामुदायिक संस्था, समुदायमा आधारित संस्था र राष्ट्रिय गैरसरकारी संस्था, महिला, वालवालिका, दलित र आदिवासी जनजातिहरुको समतामूलक प्रतिनिधित्व गराउन पहल भएको छ, छैन,

(ठ) स्थानीय सरकारी निकायको कार्यान्वयन प्रक्रियामा गरीब, महिला, वालवालिका र वञ्चितिमा परेकाहरुको विशिष्ट आवश्यकता र समस्याहरुलाई सम्बोधन गरे नगरेको विषयमा छलफल हुने गरेको छ, छैन,

(ड) विपन्नतम घरधुरीहरुलाई उनीहरुको जीविकोपार्जन सुधारका लागि समन्वयात्मक रुपमा कार्यक्रम सञ्चालनको प्रयत्न गर्दै राष्ट्रिय मूलधारमा ल्याउने कार्यको वारेमा छलफल भएको छ, छैन,

(ढ) गरीब, वञ्चित र गण्यमान्यहरुको संलग्नतामा गरीबी र विभेदका कारणहरूको निरन्तर छलफल विश्लेषण भइरहेको छ, छैन,

(ण) समुदायमा अन्धविश्वास, रुढीवादी परम्परा, भाग्यवादी चिन्तन, घरेलु हिंसा, जातीय भेदभाव, छुवाछुत, दाइजो, वाल विवाह, वहु विवाह, वोक्सी प्रथा, छाउपडी प्रथा आदि के कस्तो मात्रामा थियो र अहिले के कति घट्यो घटेन,

(त) स्थानीयस्तरका साना झै झगडाहरु, वैमनस्यताहरु के कसरी समाधान गरिन्छ, गाउँ विकास समितिमा स्थानीय मुद्धा मामिलाहरु घटेको, वढेको स्थिति र

(थ) गाउँ विकास समितिको योजनाहरुसँग सम्बन्धित निर्णयहरु सामुदायिक एफ.एम. रेडियोमा एक हप्ताभित्र प्रसारण गर्ने गरिएको छ, छैन, सार्वजनिक सुनुवाइको माध्यमबाट सामाजिक परिचालकहरु, स्थानीय सेवा प्रदायकहरू र सामुदायिक सहजकर्ताहरुको काममा पारदर्शिता कायम गरिएको छ, छैन ।

## ७.४. नागरिक सचेतना केन्द्रको कामको समीक्षा :

स्थानीय सेवा प्रदायक संस्था, वडा नागरिक मञ्च र सामाजिक परिचालकले नागरिक सचेतना केन्द्रका कार्यहरुको समीक्षा गर्नेछन् । उक्त कार्यक्रममा गाउँ विकास समिति/नगरपालिका वडा सचिव, वडा नागरिक मञ्च, एकीकृत योजना तर्जुमा समिति, स्थानीयस्तरका सरकारी तथा गैरसरकारी संस्थाहरु र स्थानीय सेवा प्रदायकहरु सहभागी हुनेछन् । नागरिक सचेतना केन्द्रको समीक्षा गर्दा विशेष गरी गरीब, महिला र वञ्चितिमा परेका व्यक्तिहरुको जीविकोपार्जनमा आएका परिवर्तनहरु, व्यक्तिगत घटना दर्ता, दैनिक जीवनसँग सम्वन्धित विषयहरुमा देखिने गरेका सकारात्मक परिवर्तनहरु, अन्य निकायहरुसँगको कार्यगत सम्वन्ध, परम्परागत संस्कार र भाग्यवादी चिन्तनको अवस्था आदि जस्ता पक्षहरुका अतिरिक्त निम्न कुराहरुमा आधारित हुनेछ ।

१. सचेतना केन्द्रका सहभागीहरुमा व्यक्तिगत घटना दर्ता वारे जानाकारी छ कि छैन र यी घटनाहरु समयमै दर्ता हुने क्रम वढ्दो क्रममा छ वा छैन,

२. सवै वाल वालिकाहरु विद्यालय जान्छन् की जादैनन् । ५ वर्ष मुनिका सवै वालवालिकाहरुले समयमै पूरा मात्रामा खोप प्राप्त गरे, गरेनन्,

३. विपन्न समुदाय र सामाजिक रुपमा बञ्चितीमा परेका परिवारमा सामाजिक चेतना (रुढीवादी परम्परा, छुवाछुत, छाउपडी प्रथा, वोक्सी प्रथा, दहेज प्रथा, वाल विवाह, वहु विवाह जस्ता घटनाहरु घटे घटेनन्,

४. स्थानीयस्तरका योजना तर्जुमा प्रकृयामा आर्थिक सामाजिक रुपमा बञ्चितिमा परेका वर्गहरुको सहभागिता के कति मात्रामा वृद्धि भयो र उनीहरुका आवाज, माग र प्राथमिकता सम्वोधन भए वा भएनन्,

५. नागरिक सचेतना केन्द्रका सहभागीहरुको वस्तीमा व्यक्तिगत सरसफाइको अवस्थामा के कस्तो सुधार आएको छ, चर्पी प्रयोग गर्ने परिवार संख्यामा के कति वृद्धि भयो वा भएन,

६. कार्यान्वयन गरिएका कार्यक्रमहरुलाई दिगो रुपमा सञ्चालन गर्नका लागि नागरिक सचेतना केन्द्रमा छलफल भई कुनै ब्यवस्था गरिएको छ, छैन,

७. नागरिक सचेतना केन्द्रमा नागरिकहरुका समसामयिक समस्या तथा मुद्दाहरुलाई सम्बोधन गराउन र छलफललाई सहजीकरण गर्न विशेषज्ञहरुको प्रयोग भएको छ, छैन,

८. विपन्न परिवार र बञ्चितीमा परेका परिवार/समुदायलाई सहकारीका माध्यमबाट बचत गर्न लगाउन र बचत तथा कर्जाका सेवाहरुमा पहुंच वृद्धिका लागि सहज कर्जा उपलब्ध गराउन गरिएका प्रयासहरु प्रभावकारी छन्, छैनन् र

९ जीविकोपार्जन सुधार कार्यक्रम शुरु गरिएका नासकेमा कार्यक्रम के कति प्रभावकारी रुपमा सञ्चालन भएको छ, कार्यक्रमवाट के कस्ता परिवारहरु लाभान्वित हुन सके वा सकेनन् ।

**७.५. राष्ट्रिय सेवा प्रदायकको कार्य सम्पादन समीक्षा :**

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले प्रत्येक वर्ष राष्ट्रिय सेवा प्रदायक संस्थाको अर्धवार्षिक कार्यसम्पादन समीक्षा गर्नेछ । कार्य सम्पादन मापन गर्दा कार्यक्रमको दस्तावेजमा उल्लेखित प्रतिफल र नतिजा सहित कार्यक्रम सञ्चालनमा देखाएको दक्षतालाई प्रमुख आधार मानिनेछ । राष्ट्रिय सेवा प्रदायक संस्थाको कार्यसम्पादन समीक्षा गर्ने विधि र प्रक्रिया तोकिए बमोजिम हुनेछ । राष्ट्रिय सेवा प्रदायक संस्थाको कार्यसम्पादनको अर्धवार्षिक समीक्षा गर्दा कार्यसम्पादनमा सुधार गर्नुपर्ने देखिएका विषयहरुमा मन्त्रालयले निर्देशित गर्नेछ । तोकिएका कार्यहरु गुणस्तरीय ढंगबाट कार्यसम्पादन हुन नसक्ने देखिएमा राष्ट्रिय सेवा प्रदायक संस्थाको वारेमा पुनरावलोकन गर्न सकिनेछ ।

द्रष्टव्य : माथि उल्लेख गरिएका सूचकहरुका अतिरिक्त स्थानीय परिवेश अनुसार अन्य पक्षहरुको आधारमा पनि वडा नागरिक मञ्च, सामाजिक परिचालक तथा नागरिक सचेतना केन्द्रका गतिविधिहरुको समीक्षा गर्न सकिन्छ । समीक्षावाट प्राप्त यर्थाथ निष्कर्ष सामाजिक परिचालन गतिविधिको प्रगतिमा उल्लेख गर्ने र हाम्रो अवस्थामा यी यी कुरामा सुधार देखियो र यी यी कुराहरुमा अझै सुधार आवश्यक छ भन्ने कुराको गाउँ विकास समितिमा प्रष्ट अभिलेख राखिनेछ । यसरी गरिने वार्षिक समीक्षाको आधारमा वार्षिक रुपमा निश्चित संख्याका वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र र सामाजिक परिचालकलाई राष्ट्रिय रुपमा पुरस्कृत गर्ने कार्यक्रम राख्न सकिनेछ ।

# परिच्छेद ८
# विविध

**८.१ कार्यविधिको कार्यान्वयन :**

सामाजिक परिचालन कार्यविधि, २०६६, नगरपालिका सामाजिक परिचालन दिग्दर्शन २०६७ र गाउँ विकास सामाजिक परिचालन दिग्दर्शन, २०६८ स्वत : खारेज गरिएको छ र ती निर्देशिका र दिग्दर्शन वमोजिम हालसम्म भएका कार्यहरु यसै कार्यविधि वमोजिम भएको मानिनेछ ।

**८.२ जिल्ला विकास समितिको भूमिका :**

(१) यो कार्यविधिको कार्यान्वयनमा जिल्ला विकास समितिको भूमिका मूलतः सहजकर्ता, नियामक, समन्वयकर्ता, अनुगमन र मूल्यांकनकर्ताको रुपमा रहनेछ ।

(२) स्थानीय निकायवाट सञ्चालित सामाजिक परिचालन कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि जिल्ला विकास समितिले अन्य संघ संस्थाहरुसंग साझेदारिताको वातावरण तयार गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ ।

(३) स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को प्रावधान अन्तर्गत स्थानीय विकास कोष नियमावली, २०५८ अनुसार यस कार्यविधि स्वीकृत हुनुभन्दा अगावै जिल्ला विकास समितिले गठन गरेका स्थानीय विकास कोष मध्ये हाल कृयाशील रहेका त्यस्ता कोषले सम्बन्धित जिल्ला विकास समितिलाई सामाजिक परिचालन सम्बन्धी जिम्मेवारी निर्वाहा गर्न सघाउने छ । यस अतिरिक्त सामाजिक परिचालन सम्बन्धमा स्थानीय विकास कोषले देहाय वमोजिमको जिम्मेवारी निर्वाहा गर्नेछ :

(क) यस कार्यविधिको परिच्छेद ३ .२. ख. मा उल्लेखित जिल्ला सामाजिक परिचालन समन्वय समितिको काम, कर्तव्य र अधिकारको प्रभावकारी कार्यान्वयन तथा प्रतिवेदन तयारीमा सहयोग उपलब्ध गराउने ।

(ख) यस कार्यविधिको परिच्छेद ४.५ मा उल्लेखित सामाजिक परिचालकको काम, कर्तव्य र जिम्मेवारी भित्रको बुंदा ११ मा उल्लेखित प्रत्येक वडाका विपन्न समूहका घर धुरी नक्साकंन तथा प्रत्येक वर्ष अद्यावधिक गर्ने कार्यको सुनिश्चितताका लागि सम्बन्धित स्थानीय सेवा प्रदायक संगको समन्वयमा आवश्यक सहयोग उपलब्ध गराउने ।

(ग) यस कार्यविधिको परिच्छेद ६.९ संग सम्वन्धित जिविकोपार्जन सुधार कार्यक्रम कार्यान्वयनमा सामाजिक परिचालकको भूमिकालाई प्रभावकारी बनाउन सम्बन्धित स्थानीय सेवा प्रदायक संगको समन्वयमा आवश्यक सहयोग उपलब्ध गराउने ।

उपरोक्त बुंदा ३ मा उल्लेखित सवै कार्यहरु गरेवापत स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमवाट स्थानीय विकास कोषको व्यवस्थापन तथा सहजीकरण क्षमता अभिबृद्धीका लागि जिल्ला बिकास समितिहरुलाई वार्षिक रुपमा केही रकम अनुदान स्वरुप उपलब्ध गराउन सकिने छ ।

**८.३ कार्यविधिमा थपघट र हेरफेर :**

यस कार्यविधिमा कुनै थप घट वा संसोधन गरी समयनुकूल गर्नु परेमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले गर्नेछ ।

### ८.४ निर्देशनको पालनाः

स्थानीय निकाय, राष्ट्रिय सेवा प्रदायक संस्था, सामाजिक परिचालन समिति, स्थानीय सेवा प्रदायक संस्था लगायत सामाजिक परिचालन गर्ने निकायहरु लगायत सवै सम्वन्धित पक्षहरुले यस कार्यविधिका अतिरिक्त वजेट अख्तियारीमा तोकिएका शर्तहरु, मन्त्रालयवाट गरिएका परिपत्र र निर्देशनहरुको समेत पालना गर्नुपर्नेछ ।

### ८.५ वाधा अडकाउ फुकाउनेः

यो कार्यविधिको कार्यान्वयनको क्रममा कुनै वाधा अवरोध र अस्पष्टता भएमा त्यस्तो वाधा अडचन फुकाउने र आवश्यकता अनुसार व्याख्या गर्ने अधिकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई हुनेछ ।

### ८.६ कार्यविधिको प्रयोगः

सामाजिक परिचालन कार्यक्रमलाई सुचारु र समन्वयात्मक रुपमा सञ्चालन गरी स्थानीय शासन प्रकृयालाई सुदृढ गर्न नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जारी गरेको यो कार्यविधिलाई स्थानीय स्तरमा अन्य सरकारी संघ संस्थाहरुले मार्गदर्शनको रुपमा लिई सहयोग र समन्वयका लागि प्रयोग गर्न सक्नेछन् ।

### ८.७ कार्यविधिको वचाउ :

यस कार्यविधिका कुनै प्रावधान स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६ र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४, स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ सँग वाँझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

# अनुसूचि १

## सामाजिक परिचालनका लागि जिल्ला तथा नगरपालिकामा निर्धारण गरिएका स्थानीय सेवाप्रदायक संस्थाहरुको संख्या

| स्थानीय सेवा प्रदायक संस्था गाउँ विकास समिति | | | | |
|---|---|---|---|---|
| क्र. सं | जिल्ला | गाविस संख्या | सरदर | सेवा प्रदायक संस्था |
| १ | झापा | ४१ | १३ | ३ |
| २ | इलाम | ४५ | १० | ५ |
| ३ | पांचथर | ३८ | १० | ४ |
| ४ | ताप्लेजुङ्ग | ४८ | ७ | ७ |
| ५ | खोटाङ्ग | ७२ | १० | ७ |
| ६ | संखुवासभा | २८ | ७ | ४ |
| ७ | ओखलढुङ्गा | ५० | १० | ५ |
| ८ | तेह्रथुम | २६ | १० | ३ |
| ९ | मोरङ्ग | ५२ | १३ | ४ |
| १० | सुनसरी | ४६ | १३ | ४ |
| ११ | सप्तरी | ९९ | १३ | ८ |
| १२ | सिराहा | ९९ | १३ | ८ |
| १३ | उदयपुर | ४० | १० | ४ |
| १४ | भोजपुर | ५९ | १० | ६ |
| १५ | सोलुखुम्वु | ३४ | ७ | ५ |
| १६ | धनकुटा | ३५ | १० | ४ |
| | | | | |
| १ | काठमाण्डौं | ५७ | १० | ६ |
| २ | ललितपुर | ४१ | १० | ४ |
| ३ | भक्तपुर | १६ | १० | २ |
| ४ | धादिङ्ग | ४६ | १० | ५ |
| ५ | नुवाकोट | ६१ | १० | ६ |
| ६ | रसुवा | १८ | ७ | ३ |
| ७ | काभ्रेपलाञ्चोक | ८२ | १० | ८ |
| ८ | सिन्धुपाल्चोक | ७५ | १० | ८ |
| ९ | दोलखा | ५१ | १० | ५ |
| १० | रामेछाप | ५५ | १० | ६ |
| ११ | चितवन | ३१ | १३ | ३ |
| १२ | मकवानपुर | ३६ | १० | ४ |
| १३ | वारा | ९० | १३ | ७ |
| १४ | पर्सा | ८२ | १३ | ६ |
| १५ | रौतहट | ९१ | १३ | ७ |

| क्र. सं | नगरपालिका | वडा संख्या | सरदर | सेवा प्रदायक संस्था |
|---|---|---|---|---|
| १ | मेचीनगर | १३ | १० | १ |
| २ | दमक | १९ | १० | २ |
| ३ | भद्रपुर | १५ | १० | २ |
| ४ | इलाम | ९ | १० | १ |
| ५ | खाँदवारी | १३ | १० | २ |
| ६ | विराटनगर | २२ | १० | २ |
| ७ | धरान | २३ | १० | २ |
| ८ | इनरुवा | १० | १० | १ |
| ९ | धनकुटा | ९ | १० | १ |
| १० | राजविराज | १० | १० | १ |
| ११ | सिरहा | ९ | १० | १ |
| १२ | त्रियुगा | १७ | १० | २ |
| १३ | लहान | १० | १० | १ |
